# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

## तृतीय

# वार्षिक प्रतिवेदन

(२०७८ श्रावण-२०७९ आषाढ)

# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

## तृतीय

# वार्षिक प्रतिवेदन

## (२०७८ श्रावण-२०७९ आषाढ)

# प्रदेश लोक सेवा आयोग

**सम्पर्क:**

**प्रदेश लोक सेवा आयोग**

**लुम्बिनी प्रदेश,**

**मुकाम: बुटवल, रुपन्देही**

**फोन नं.**

**०७१-५४१०६२,**

**०७१-५४००५६**

**इमेल:**

info.ppsc@lumbini.gov.np

ppsc.lumbini@gmail.com

**वेबसाइट:**

www.ppsc.lumbini.gov.np

**विद्युतीय दरखास्त प्रणाली**

www.ppsconline.lumbini.gov.np


प्रदेश लोक सेवा आयोग ऐन, २०७६
को दफा ४३ बमोजिम
मानानीय प्रदेश प्रमुखसमक्ष प्रस्तुत गरिएको

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशको


# तृतीय वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा २०७८ श्रावणदेखि
२०७९ आषाढ मासान्तसम्म आयोगबाट सम्पादन
भएका कामकारवाहीहरू
समेटिएका छन् ।

# नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा



# लुम्बिनी प्रदेशको राजनीतिक तथा प्रशासनिक नक्सा



# प्रदेश लोक सेवा आयोग
## लुम्बिनी प्रदेश
**मुकामः बुटवल, नेपाल**

मितिः २०७९।०५।

**विषयः आयोगको तृतीय वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको सम्बन्धमा ।**

माननीय प्रदेश प्रमुखज्यू,
लुम्बिनी प्रदेश, मुकामः बुटवल, नेपाल ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन गरेका कामकारवाहीहरुको बार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ ।

भवदीय,

(प्रा. डिलाराम भट्टराई)
अध्यक्ष

(बाबुराम गौतम)
सदस्य

(डिम्पल गुरुङ्ग)
सदस्य

(वेद प्रसाद खरेल)
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरु



**प्रा. डिलाराम भट्टराई**
अध्यक्ष



**बाबुराम गौतम**
सदस्य



**डिम्पल गुरुङ्ग**
सदस्य



**वेद प्रसाद खरेल**
सचिव

# धन्यवाद

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशलाई कार्य सञ्चालनका लागि आवश्यक आर्थिक, भौतिक एवं मानवीय सहयोग उपलब्ध गराई सहयोग पुऱ्याएकोमा प्रदेश सरकारप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ । आ.व. २०७८।०७९ को अवधिमा विभिन्न सेवा, समूह, उपसमूहका पदहरुको पाठ्यक्रम निमार्ण सहितका कार्यहरुमा दक्ष/विज्ञको सेवा दिनु हुने दक्ष/विज्ञहरु र आयोगको कामकारवाहीलाई थप व्यवस्थित बनाउन आयोगलाई रचनात्मक राय सुझाव दिनुहुने प्रदेश सरकारका प्रमुख सचिव, सचिवहरू, विभागीय पदाधिकारीहरू, विभिन्न विषयका दक्ष एवं विज्ञ महानुभावहरूमा आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ।

लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलन यसै लुम्बिनी प्रदेशको रुपन्देहीमा मिति २०७८ फागुन २३ र २४ मा आयोजना गरी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुबीच औपचारिक रुपमा सहयोग, सहकार्य र समन्वय गर्नु भएकोमा लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधव प्रसाद रेग्मी र माननीय सदस्यज्यूहरुप्रति यस आयोग हार्दिक आभार प्रकट गर्दछ।

यसै गरी आयोगको काम कारवाहीलाई अग्रगति दिन काम गर्ने र यहाँको हातमा रहेको प्रतिवेदन तयार पार्ने कार्यमा संलग्न हुनु भएका आयोगका सबै कर्मचारीहरुलाई प्रदेश लोक सेवा आयोग धन्यवाद ज्ञापन गर्दछ।

# कार्यकारी सारांश

**१. प्रदेश लोक सेवा आयोग गठन तथा कार्यालय सञ्चालनः**

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था रहेको छ। नेपालको संविधान र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम लुम्बिनी प्रदेशमा मिति २०७६।०४।२८ गते आयोग गठन भएको हो । आयोगको कार्यसंचालन बुटवल उपमहानगरपालिका वडा नं. ३ स्थित हाटवजारको उत्तरतर्फ २ वटा भवनमा कार्यालय सञ्चालन गरिएको छ।

**२. उद्देश्य र कार्यक्षेत्रः**

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौट गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने आयोगको उद्देश्य रहेको छ। आयोगको कार्यक्षेत्रमा प्रदेश सरकारका मन्त्रालयहरु तथा मातहतका कार्यालय र १०९ वटा स्थानीय तह आदि रहेका छन् ।

**३. संगठन संरचनाः**

लोक सेवा आयोगकको स्थापित मान्यता बमोजिम आयोगको कार्यालयको कार्य सम्पादनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि विभिन्न तहका ३० जना कर्मचारीको दरबन्दी स्वीकृत भएको र हाल १८ जना कर्मचारी कार्यरत रहेका छन् ।

**४. आयोगको काम, कर्तव्य र अधिकारः**

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ। आयोगले प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन तथा प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश अन्य सरकारी सेवाको नियुक्तिको सिफारिस, बढुवा र विभागीय कारवाहीमा परामर्श दिने सहितका कार्य गर्दछ।

**५. आयोगका प्रमुख कार्यहरूः**

आयोगले पदपूर्तिका लागि पाठ्यक्रम निर्माण, शैक्षिक योग्यताको निर्धारण, विज्ञापन प्रकाशन, प्रश्नपत्र तयारी र परिमार्जन, परीक्षा संचालन, नतिजा प्रकाशन, अन्तर्वार्ता तथा सिफारिस, अध्ययन, अनुसन्धान तथा अन्वेषण, परामर्श, समन्वय र सहयोग गर्ने तथा सुपरीवेक्षण, निरीक्षण र अनुगमन गर्ने कार्यहरू गर्दछ।

**६. सिद्धान्त र मापदण्ड अवलम्वनः**

आयोगले प्रचलित सिद्धान्त र मापदण्डलाई अवलम्वन गर्दै प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्दछ।

**७. आयोगको कार्यसम्पादनका सवैधानिक र कानुनी आधारहरूः**

आयोगका कानूनी आधारमा नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार मापदण्ड निर्धारण) ऐन, २०७५, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, प्रदेश लोक सेवा आयोग नियमावली, २०७६, प्रदेश लोक सेवा आयोग

(कार्यसञ्चालन) निर्देशिका, २०७७, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६, प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६, प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६, परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७ लोक सेवा आयोगले अवलम्वन गरेका सिद्धान्त, कार्यविधि, अभ्यास र मापदण्ड आदी पर्दछन्।

## ८. कार्यसम्पादनका सिद्धान्तः

आयोगले कार्यसम्पादन गर्दा योग्यता, निश्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, परिचय शुन्यता, असंलग्नता, तटस्थता र गोपनीयता जस्ता आधारभूत सिद्धान्तहरु अवलम्वन गर्दछ।

## ९. बैठक तथा निर्णयः

प्रदेश लोक सेवा आयोग गठन भए पश्चात् हालसम्म जम्मा ६० वटा बैठक भएका र यस आ.व. २०७८।७९ मा २३ वटा वैठक भई ३६ वटा निर्णयहरु भएका छन्।

## १०. लोक सेवा आयोगहरुको राष्ट्रिय सम्मेलन

लोक सेवा आयोग, काठमाडौं र प्रदेश लोक सेवा आयोगहरु बीच आयोगका कार्यप्रणालीका विषयमा अनुभवहरू आदान प्रदानका लागि भएको लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलन बुटवलमा २०७८ फागुन २३ र २४ मा भएको र यसलाई सफल पार्न यस आयोगको सक्रिय सहभागिता रहेको थियो। उक्त सम्मेलनको नारा "**योग्यता, निष्पक्षता र स्वच्छता, लोक सेवा आयोगको प्रतिवद्धता**" रहेको थियो। साथै प्रदेश लोक सेवा आयोगहरुको दोश्रो अन्तर प्रदेश कार्यशाला गोष्ठी प्रदेश नं. १ विराटनगरमा २०७८ पुष १८ र १९ गते भएको थियो।

## ११. विद्युतीय दरखास्त प्रणालीको विकासः

परीक्षार्थीहरूका लागि विद्युतीय प्रणालीबाट दरखास्त दिनका लागि Online Application System को विकास गरिएको छ। आगामी विज्ञापनहरुमा e-payment गरी परीक्षा दस्तुर बुझाउन मिल्नेगरी व्यवस्था मिलाइएको छ।

## १२. अन्तर प्रदेश अनुभव आदान प्रदान

आयोगका अध्यक्ष, सदस्यहरु, सचिव र कर्मचारीहरु सम्मीलित टोलीद्वारा लोक सेवा आयोग प्रदेश नं १, मधेश प्रदेश, वागमती प्रदेश, गण्डकी प्रदेश र कर्णाली प्रदेशका प्रदेश लोक सेवा आयोगहरुको स्थलगत भ्रमण गरी अनुभवको आदानप्रदान गरिएको छ।

## १३. परिच्छेदहरु

तृतीय वार्षिक प्रतिवेदनमा पाँचवटा परिच्छेदहरु रहेका र ती अन्तर्गत निम्न विषयवस्तुहरु समावेश भएका छन्ः-

परिच्छेद १ प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र,

परिच्छेद २ आयोगको कार्य सम्पादनका आधारहरु,

परिच्छेद ३ प्रशासन तथा वित्त व्यवस्थापन,

परिच्छेद ४ पाठ्यक्रम निर्माण, गोष्ठी सञ्चालन तथा परामर्श

परिच्छेद ५ सुझावहरु र अन्त्यमा अनुसूचीहरु एवम् तस्वीरहरु रहेका छन्।

# विषय सूची


| विवरण | पृष्ठ संख्या |
|---|---|
| **परिच्छेद १** | |
| **प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ आयोगको गठन | १ |
| १.३ काम, कर्तव्य र अधिकार | २ |
| १.४ प्रतिवेदन | ३ |
| **परिच्छेद २** | |
| **आयोगको कार्यसम्पादनका आधारहरु** | |
| २.१ संस्थागत प्रवन्ध | ४ |
| २.२ संगठनात्मक संरचना र कार्यक्षेत्र | ६ |
| २.३ आयोगको कार्य सम्पादनका आधारभूत सिद्धान्तहरु | ९ |
| २.४ कार्य सम्पादन प्रक्रिया र कार्यप्रवाह | ११ |
| २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन | २३ |
| **परिच्छेद ३** | |
| **प्रशासन तथा वित्त व्यवस्थापन** | |
| ३.१ वैठक तथा निर्णय | २५ |
| ३.२ आयोगको कर्मचारी दरवन्दी र विद्यमान अवस्था | २९ |
| ३.३ बजेट, निकासा, खर्च र राजश्व | २९ |
| ३.४ भौतिक अवस्था | २९ |
| **परिच्छेद ४** | |
| **पाठ्यक्रम निर्माण, गोष्ठी सञ्चालन तथा परामर्श** | |
| ४.१ पाठ्यक्रम निर्माण | ३१ |
| ४.२ अन्तर प्रदेश समन्वय र सहयोग | ३१ |
| ४.३ लोक सेवा आयोगसँग समन्वय र सहयोग | ३१ |
| ४.४ अन्तर प्रदेश दोश्रो कार्यशाला गोष्ठी | ३२ |
| ४.५ दक्ष/विज्ञ/विशेषज्ञको रोष्टर निर्माण | ३२ |
| ४.६ कानूनी परामर्श तथा क्षमता विकास गोष्ठी | ३२ |
| ४.७ परामर्श | ३२ |
| ४.८ अनुगमन तथा निरीक्षण | ३३ |

## परिच्छेद ५
## सुझावहरु

५.१ सुझावहरु ३४

**तालिकाहरु**

१. मौजुदा संगठन तालिका ७
२. विद्यमान दरवन्दी र पदपूर्तिको अवस्था ८
३. पदपूर्ति सम्वन्धी कार्यप्रवाह १२
४. विज्ञापन भएका पदहरुको सारांश १४
५. लिङ्गको आधारमा वन सेवाको दरखास्त विवरण १५
६. लिङ्गको आधारमा प्रशासन सेवाको दरखास्त विवरण १५
७. वन सेवाको कूल दरखास्त अनुसार भौगोलिक क्षेत्रको संख्या १६
८. प्रशासन सेवाको कूल दरखास्त अनुसार भौगोलिक क्षेत्रको संख्या १७
९. वन सेवाको कूल दरखास्त अनुसार प्रदेश अनुसार परेको दरखास्त संख्या १७
१०. प्रशासन सेवाको कूल दरखास्त अनुसार प्रदेश अनुसार परेको दरखास्त संख्या १८
११. प्रशासन सेवाको विज्ञापनमा परेको समावेशी समूहको दरखास्त संख्या १९
१२. वन सेवाको विज्ञापनमा परेको समावेशी समूहको दरखास्त संख्या २०
१३. वन रक्षक पदको लिखित परीक्षामा उत्तीर्ण समावेशी विवरण २१
१४. प्रशासन सेवाको लिखित परीक्षामा उत्तीर्ण समावेशी विवरण २२
१५. वन रक्षक पदमा सिफारिस भएको समावेशी विवरण २२
१६. प्रशासन सेवाको पदमा सिफारिस भएको समावेशी विवरण २३
१७. आयोगका वैठक तथा निर्णयहरु २५
१८. बजेटको वार्षिक प्रगति विवरण २९
१९. राजश्व संकलन विवरण २९

**अनुसूचीहरु**

१. विज्ञापनको विस्तृत विवरण ३६
२. मौजुदा कर्मचारीहरुको नामावली ३८
३. लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलन घोषणा पत्र ३९
४. लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलनका निर्णयहरु ४०
५. अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीबाट पारित घोषणापत्र ४१
६. आ.व. २०७८।७९ मा गरिएका गतिविधिका केही तस्वीरहरु ४४

# परिच्छेद १

## प्रदेश लोक सेवा आयोगको गठन र कार्यक्षेत्र

### १.१ पृष्ठभूमि

गणतन्त्रको स्थापनासँगै संविधान सभाबाट नेपालको संविधान २०७२।०६।०३ गते जारी भयो। यस संविधानमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था रहने कुरा स्पष्ट साथ उल्लेख गरिएको छ। संविधानको भाग २३ धारा २४२ र २४३ मा संघमा एक लोक सेवा आयोग रहने व्यवस्था गरिएको छ। त्यसै गरी धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरिएको छ। सोही धारामा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा संघीय संसद्ले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था गरिएको छ।

संघीय संसद्ले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धी आधार र मापदण्ड निर्धारण गर्न प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बनाई लागू भएको छ। प्रस्तुत ऐनका प्रावधान अन्तर्गत रही लुम्बिनी प्रदेशको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बनाई मिति २०७६।०२।२१ मा जारी भएको छ। उक्त ऐन प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यले निर्माण गरिएको हो। त्यसका अतिरिक्त यस ऐनमा प्रदेश लोक सेवा आयोगको गठनका आधार र पद रिक्त हुने आधारहरुको व्यवस्था गरिएको छ। यसै गरी उक्त आधार र मापदण्ड निर्धारण ऐनमा प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको पुनः नियुक्तिका विषयमा स्पष्ट पारिएको छ। आयोगले लिने परीक्षाका तरिका, परीक्षाको भाषा, आयोगले दिने परामर्शका विषयमा समेत व्यवस्था गरिएको छ। साथै लोक सेवा आयोगले पदपूर्तिमा अपनाएको सिद्धान्त र मापदण्डलाई प्रदेश लोक सेवा आयोगले अवलम्वन गर्नुपर्ने र त्यसो नगरेमा यसले गरेको कामकारवाही स्वतः बदरभागी हुने व्यवस्था पनि गरिएको छ। प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोगसँग पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्वन्धी कुनै पनि विषयका सम्वन्धमा सहयोग लिन सक्ने व्यवस्था समेत उक्त ऐनमा गरिएको छ।

### १.२ आयोगको गठन

नेपालको संविधानको धारा २४४ (२) अन्तर्गत रही लुम्बिनी प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित भई दफा ३ मा प्रदेश लोक सेवा आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्षसहित बढीमा तीन जना सदस्य रहने व्यवस्था गरिएको छ। अध्यक्ष र सदस्यको नियुक्तिको लागि माननीय मुख्यमन्त्रीको

अध्यक्षतामा प्रदेश सभाका माननीय सभामुख र प्रदेश सभाको विपक्षी दलको नेता सदस्य रहने गरी एक सिफारिस समिति रहने व्यवस्था छ। सो समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ। प्रदेश लोक सेवा आयोगका पदाधिकारी नियुक्ति हुँदा आयोगका सदस्यहरुमध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरूमध्येबाट नियुक्त हुने व्यवस्था छ। यसका अतिरिक्त मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको र नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको हुनु पर्ने व्यवस्था छ। यसै गरी अध्यक्षको हकमा पैतालीस वर्ष उमेर पुगेको हुनु पर्नेछ भने अन्य सदस्य पैतीस वर्ष उमेर पूरा भएको तथा उच्च नैतिक चरित्र भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि योग्य हुने व्यवस्था ऐनमा गरिएको छ।

प्रस्तुत ऐनमा भएको व्यवस्था अनुरुप अध्यक्ष र दुई जना सदस्यहरुको नियुक्ति भई आयोगले आफ्ना काम कारवाहीलाई अगाडि बढाएको छ।

## १.३ काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा ६ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्वन्धमा प्रदेश कानूनमा व्यवस्था गर्न आधार र मापदण्ड तोकिएको छ। उक्त ऐनको दफा ६ (क) मा लोक सेवा आयोग सम्वन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त तथा सोही दफाको खण्ड (ख) मा विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनोटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनोट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा संकेत नम्वरको प्रयोग, उत्तरपुस्तिकाको परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारवाहीका सम्वन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डलाई आधार र मापदण्ड मान्ने व्यवस्था छ। प्रस्तुत आधार र मापदण्डमा रही प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हो। प्रदेश निजामती सेवा भन्नाले "प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानून बमोजिम तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा" भन्ने उल्लेख उक्त ऐनको परिभाषमा गरिएको छ। साथै प्रस्तुत दुई सेवा बाहेक प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा, संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्नु पनि प्रदेश लोक सेवा आयोगको कर्तव्य हो भनी उल्लेख गरिएको छ। उल्लिखित अधिकारका अतिरिक्त देहायका विषयहरुमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था उक्त ऐनमा गरिएको छ।

(क) निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दाको विषयमा,

(ख) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(छ) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा,

(ज) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा,

(झ) संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा।

## १.४ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ मा आयोगले प्रत्येक आर्थिक वर्ष भित्र सम्पन्न गरेको कामको बार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्था अनुरुप प्रदेश लोक सेवा आयोगले बर्षभरि आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तयार पार्नुपर्छ। उक्त प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र माननीय प्रदेश प्रमुखसमक्ष प्रस्तुत गर्नुपर्छ। प्रस्तुत व्यवस्था बमोजिम आयोगले आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखसमक्ष पेश गर्न यो प्रतिवेदन तयार गरिएको छ।

# परिच्छेद २

## आयोगको कार्यसम्पादनका आधारहरु

### २.१ संस्थागत प्रवन्ध

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ बमोजिम सिफारिस भई आयोगका अध्यक्षको नियुक्ति र सपथ ग्रहण पश्चात् लोक सेवा आयोग गठन भई आयोगको कार्यालय २०७६।०४।२८ बाट सञ्चालनमा आएको हो। आयोगको कार्यालय लुम्बिनी प्रदेशको बुटवलमा रहेको छ।

#### २.१.१ **संविधान**

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न ऐतिहासिक संविधान सभाबाट पारित भई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई जारी भएको संविधान लामो समयको अथक प्रयास पछि प्राप्त भएको ठूलो उपलब्धि हो। सोही संविधानमा भएको व्यवस्था अनुसार प्रत्येक प्रदेशमा लोक सेवा आयोगको गठन गरिएको छ। प्रदेश मातहतका संरचनाका विभिन्न निकायहरुमा र स्थानीय तहसँग सम्वन्धित संरचनाहरुमा कर्मचारीको रिक्त पदपूर्तिका लागि यसको गठन गरिएको हो।

संविधानमा व्यवस्था भए बमोजिम संघीय संसद्बाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन २०७५ जारी गरिएको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको ऐनमा प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने कुरा यसमा उल्लेख गरिएको छ ।

उक्त ऐनमा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा, स्थानीय संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा, कर्मचारीका सेवा, शर्त सम्बन्धी कानून आदि विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोगले लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, सिद्धान्त, अभ्यास, विधि तथा मापदण्ड अवलम्बन गर्नु पर्ने व्यवस्था गरिएको छ। यस विपरीत हुने गरी आयोगले कुनै काम कारवाही गरे त्यो स्वतः बदर हुने आधार र मापदण्डमा व्यवस्था गरिएको छ।

साथै उक्त ऐनमा प्रदेश लोक सेवा आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण र परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्ने कानूनी प्रावधान रहेको छ।

२.१.२ **कानूनहरु**

नेपालको संविधानको धारा २४४ को उपधारा (२) मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ। संघीय संसद्बाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भए पश्चात् प्रदेश सभा लुम्विनी प्रदेशबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित भई कार्यान्वयनमा आएको छ।

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका कानून एवम् कार्यविधिहरु निम्न अनुसार छन् ।

- नेपालको संविधान
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा ऐन, २०७६
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगका समय-समयका निर्णयहरू
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू


## २.२ संगठनात्मक संरचना र कार्यक्षेत्र

गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च चरित्र भएको जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सुशासन प्रवर्द्धनमा सहयोग गर्न गठन भएको प्रदेश लोक सेवा आयोगले प्रदेश भित्रका प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, विभाग तथा कार्यालयहरु, प्रदेशस्तरका अन्य सरकारी सेवाका र संगठित संस्थाका सेवाका पदहरुको पदपूर्ति गर्नुका साथै स्थानीय तहको सरकारी सेवा तथा स्थानीय तहका संगठित संस्थाका सेवाका पदहरुको पदपूर्ति गर्ने कानूनी व्यवस्था रहेको छ। साथै लुम्विनी प्रदेशमा १२ जिल्ला (अर्घाखाँची, गुल्मी, पाल्पा, प्युठान, रोल्पा, रुकुम (पूर्व), दाङ्ग, बाँके, बर्दिया, कपिलवस्तु, रुपन्देही, नवलपरासी (सुस्ता पश्चिम))हरुका जिल्ला समन्वय समिति र १०९ स्थानीय तहहरुको विभिन्न तहका पदहरुको पदपूर्ति गर्ने कार्य आयोगको कार्यक्षेत्र भित्र पर्दछ। आयोगमा आयोगका अध्यक्ष र सदस्य तथा १८ जना कर्मचारीहरुबाट कार्यसम्पादन भइरहेको छ। आयोगको संगठन संरचना र कर्मचारीको दरवन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ। प्रदेश सरकारले ३० जना कर्मचारीहरुको अस्थायी दरवन्दी स्वीकृत गरेको छ । स्वीकृत संगठन संरचना तालिका १ मा दिइएको छ। विद्यमान दरवन्दी र पदपूर्तिको अवस्था तालिका २ मा उल्लेख गरिएको छ।

तालिका १

## मौजुदा संगठन तालिका

## प्रदेश लोक सेवा आयोग




* प्रदेश सरकार (मन्त्रिपरिषद्क) को मिति २०७७।०५।११ को निर्णय बमोजिमको अस्थायी दरवन्दी

## तालिका २

## विद्यमान दरवन्दी र पदपूर्तिको अवस्था

| क्र.स. | पद | तह | सेवा/समूह | स्वीकृत संख्या | पदपूर्ति संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | ११ | प्रशासन/सा.प्र. | १ | १ | ० | संघबाट रा.प.प्रथम श्रेणीको सह सचिवलाई सचिवको जिम्मेवारीमा काजमा खटाएको |
| २ | अधिकृत | ९/१० | प्रशासन/सा.प्र. | २ | १ | १ | संघबाट रा.प.द्वितीय श्रेणीको प्रशासन सेवाका उपसचिव १ जना काजमा खटाएको |
| ३ | अधिकृत | ७/८ | प्रशासन/सा.प्र. | ४ | १ | ३ | तह ८ का १ जना कार्यरत |
| ४ | कम्प्युटर ईन्जिनियर | ७/८ | विविध | १ | ० | १ | |
| ५ | अधिकृत | ७/८ | न्याय/कानून | १ | ० | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा/शिक्षा प्र. | १ | ० | १ | |
| ७ | सहायक/अधिकृत | ५/६ | प्रशासन/सा.प्र. | ९ | ६ | ३ | तह ६ का २ जना सहायक ५ औं तहका ४ जना गरी ६ जना कार्यरत |
| ८ | सहायक/अधिकृत | ५/६ | विविध | २ | १ | १ | तह ६ का १ जना कार्यरत |
| ९ | सहायक/अधिकृत | ५/६ | प्रशासन/लेखा | १ | १ | ० | तह ६ का १ जना कार्यरत |
| १० | ह.स.चा. | | | ४ | ३ | १ | |
| ११ | का.स. | | | ४ | ४ | ० | |
| कुल जम्मा | | | | ३० | १८ | १२ | |

लोक सेवा आयोगको प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता, अभ्यास, विधि तथा मापदण्ड र योग्यता, निष्पक्षता, स्वच्छता, परिचय शून्यता, असंलग्नता तथा गोपनीयता आदि सिद्धान्तहरुलाई ध्यानमा राखी विभिन्न सेवाका लागि उपयुक्त उम्मेदवार छनौटको लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरुको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा संकेत नम्बरको प्रयोग, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, अन्तरवार्ता सञ्चालन र सिफारिस

लगायतका कार्यसम्पादन गर्न स्वीकृत दरवन्दी धेरै न्यून हुने देखिन्छ। साथै पदपूर्ति प्रकृयामा निष्पक्षता, स्वच्छता, गोपनीयता, असंलग्नता कायम गरी आयोगको कार्यप्रकृति अनुरुप प्रस्तुत शाखाहरुको विद्यमान संरचना अपुग छ। कार्यचापको आधारमा आयोगलाई आवश्यक हुने कर्मचारीको व्यवस्था प्रदेश सरकारबाट हुने नै छ भन्ने अपेक्षा आयोगले गरेको छ।

## २.३ आयोगको कार्यसम्पादनका आधारभूत सिद्धान्तहरु

आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई प्रमुख प्राथमिकता दिई देहाय बमोजिमका मुख्य सिद्धान्तहरु अवलम्बन गर्नु पर्दछ। यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्टताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरुलाई चाहिने जनशक्तिको छनौट तथा सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिवद्ध भई कार्य सम्पादन गर्नु आयोगको दायित्व हुन्छ। लोक सेवा आयोगका देहाय बमोजिमका स्थापित सिद्धान्तहरुलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी काम गर्नु गराउनु पर्छ।

### २.३.१ स्वतन्त्रताको सिद्धान्त

प्रदेश लोक सेवा आयोग नेपालको संविधानको व्यवस्था तथा प्रदेश कानून बमोजिम गठन भएको संस्था हो। यसले प्रचलित कानून, ऐन तथा नियमहरुको आधारमा आफ्नो कार्यसम्पादन गर्दछ। आयोगले स्वतन्त्र रुपमा कोही कसैको दबाबमा नपरी स्वतन्त्रतापूर्वक कानूनले तोकेको अधिकार प्रयोग गरी आफ्ना काम कारवाहीलाई अगाडि बढाउँछ।

### २.३.२ निष्पक्षताको सिद्धान्त

आयोगले काम वा निर्णय गर्दा कसैलाई अन्याय नहुने गरी पूर्ण रुपमा सजकता अपनाइएको हुन्छ। यसरी गरिने निर्णयहरु पक्षपात तथा पूर्वाग्रहरहित हुन्छन्।

### २.३.३ स्वच्छताको सिद्धान्त

आयोगका सम्पूर्ण काम कारवाहीहरु स्वच्छ र वस्तुपरक हुन्छन्। यसको लागि उत्तरदायित्वपूर्वक तथा विश्वसनियताको आधारमा आफ्ना जिम्मेवारीलाई इमान्दारीकासाथ सम्पूर्ण काम कारवाही सम्पादन गर्दछ। यसले गर्ने हरेक क्रियाकलाप स्वच्छताको सिद्धान्तमा आधारित हुन्छ।

### २.३.४ योग्यताको सिद्धान्त

आयोगले निष्पक्ष परीक्षा गराई योग्य उम्मेदवारहरुलाई योग्यताक्रम सूचिबाटै सिफारिस गर्दछ। सिफारिस हुने उम्मेदवारको आफ्नो पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सिप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा उत्कृष्टताको आधारमा योग्यता प्रणालीबाट अब्बल भएका उम्मेदवारलाई मात्र नियुक्तिका लागि सिफारिस गर्दछ।

### २.३.५ असंलग्नताको सिद्धान्त

आयोगले प्रदेश लोक सेवा आयोगको आचारसंहिता, २०७६ लागू गरेको छ । यस अनुसार आयोगका पदाधिकारी, कर्मचारी र दक्ष/विज्ञ/विशेषज्ञका नातेदार आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा उम्मेदवार भएको अवस्थामा कोही पनि उक्त परीक्षाको सम्पूर्ण प्रक्रियामा संलग्न हुन नपाउने व्यवस्था गरिएको छ।

### २.३.६ समान अवसरको सिद्धान्त

आयोगबाट हुने सबै विज्ञापनका लागि तोकिएको योग्यता पुगेका नेपाली नागरिकले दरखास्त दिन समान अवसर पाउछन् । विज्ञापन भएको सम्बन्धित पदको लागि योग्यता पुग्ने सबै नेपाली नागरिकको पहुँच सहित समान अवसरको सुनिश्चितता गर्न आवश्यक प्रवन्ध गरिने छ।

### २.३.७ समावेशी सिद्धान्त

नेपालको संविधानमा व्यवस्था गरिएको समावेशीकरण नीति बमोजिम प्रचलित कानून वा प्रदेश सरकारले निर्धारण गरेको प्रतिशत अनुसार आयोगले प्राप्त माग पदहरुको विभिन्न समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्तिको प्रणाली अवलम्वन गर्ने छ।

### २.३.८ द्विअन्ध सिद्धान्त

आयोगका हरेक महाशाखा/शाखाहरुलाई विशेष जिम्मेवारी दिइएको हुन्छ। कुनै एक महाशाखा/ शाखाको कार्यसम्पादनमा अर्कोको संलग्नता हुँदैन । कुनै पनि पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी कर्मचारी वा दक्ष/विज्ञ/विशेषज्ञ सो प्रक्रियाको अन्य चरणको काममा संलग्न हुँदैनन् । उत्तर पुस्तिकामा दोहोरो संकेतीकरणको कारणले उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो थाहा पाउँदैन र उत्तरपुस्तिका रुजु तथा प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा अनभिज्ञ हुन्छन् ।

### २.३.९ परिचय शून्यताको सिद्धान्त

उत्तरपुस्तिकाहरुलाई संकेतीकरण गरेपछि उत्तरपुस्तिका परीक्षण पश्चात् वैयक्तिक पहिचान विहीन संकेतको आधारमा प्राप्ताङ्क तालिका तयार पारिन्छ। अन्तरवार्ता लिने पदाधिकारी/दक्ष/विज्ञ/ विशेषज्ञलाई लिखित परीक्षा लगायतका सवै प्रकारको परीक्षाको प्राप्तांक थाहा हुदैन । आचार संहिता बमोजिम अन्तर्वार्ता लिने व्यक्तिले कुनै पनि उम्मेदवारसँग वैयक्तिक परिचय खुल्ने प्रश्न सोध्नु हुदैन र आफ्नो नाता सम्वन्ध नभएको सुनिश्चित गरी अन्तर्वार्ताकारको रुपमा बस्ने निर्णय लिनु पर्दछ। अन्तर्वार्ता दिने उम्मेदवार नाता पर्ने भएमा अन्तर्वार्ता लिनको लागि बस्नु हुदैन।

#### २.३.१० गोपनीयताको सिद्धान्त

आयोगका कार्यसम्पादनलाई निष्पक्षता, स्वच्छता र विश्वसनीय बनाउन विभिन्न चरणमा हुने कार्यमा गोपनीयताको सिद्धान्त अपनाइएको हुन्छ । परीक्षा प्रणालीलाई गोपनीयता कायम गर्नका लागि परीक्षाका प्रश्नपत्र, प्रश्नपत्रहरुको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। परिक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ। यसरी पदपूर्ति प्रक्रियाका परीक्षाका चरणहरुमा पूर्णरुपमा गोपनीयताको सुनिश्चितता गरिन्छ।


### २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन र तत्सम्बन्धी नियमावलीहरु बनिनसकेको अवस्था छ। यी ऐन तथा नियमावलीहरु बनिनसकेको अवस्थामा पनि कर्मचारी समायोजन ऐन २०७५ को दफा १२(२) मा प्रदेश वा स्थानीय तहहरुको सेवा सम्बन्धी कानून नबनेसम्म निजामती सेवा सम्बन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पद संख्या निर्धारण गरी पदपूर्ति गरिने व्यवस्था छ। यसरी पदपूर्ति गर्दा बढुवाको लागि निर्धारण भएको पदमा बढुवा हुने पदको आवश्यक न्यूनतम योग्यता पुगेका सम्बन्धित प्रदेश वा स्थानीय तहको सेवाका एक श्रेणी वा तह मुनिका सम्भाव्य उम्मेदवारहरुलाई तोकिएको तत् तत् पदहरुमा बढुवा गरिन्छ। साथै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १५ मा प्रचलित कानून बमोजिम पदहरुको प्रतिशत निर्धारण गर्न सकिने प्रावधान राखिएको छ।

प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सरकारी सेवा ऐन र नियमावलीहरुमा हुने पदपूर्तिको व्यवस्था अनुसार प्रदेश प्रहरी सेवा र संगठित संस्थाको सेवाका पदहरुको लागि समेत उपयुक्त उम्मेदवार छनौट गर्नका लागि अवलम्बन गरिने कार्य प्रक्रिया र कार्यप्रवाहलाई तालिका ३ मा उल्लेख गरिएको छ ।

## तालिका ३

## पदपूर्ति सम्बन्धी कार्यप्रवाह



### २.४.१ **वार्षिक कार्यतालिका**

प्रदेश सरकार र स्थानीय तहहरुबाट प्राप्त माग आकृति फारामका आधारमा पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका बनाई उपयुक्त उम्मेदवार छनौट गर्न आयोग सदैव तत्पर छ।

### २.४.२ **विज्ञापन प्रकाशन**

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, विभाग, निर्देशनालय, कार्यालय तथा स्थानीय तहले रिक्त दरवन्दी अनुसारको पद, सेवा, समूह र तह समेत खुल्ने गरी माग आकृति फारम भरी पठाउनु पर्दछ। आयोगलाई प्राप्त मागका आधारमा प्रचलित कानून र प्रदेश निजामती सेवा ऐन, स्थानीय सरकारी सेवा ऐन तथा तत्सम्बन्धी नियमावलीहरुमा हुने व्यवस्था अनुसार प्रतिशत निर्धारण गरी खुल्ला, बढुवा, आन्तरिक प्रतियोगिता तथा समावेशी समूहहरुमा पदसंख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन प्रकाशन गरी दरखास्त आव्हान गर्दछ। यस्तो विज्ञापन आयोगको वेवसाइट तथा राष्ट्रिय पत्रपत्रिका र आयोगको सूचना पाटीमा समेत प्रकाशन गरिन्छ। प्रदेश प्रहरी सेवा र संगठित संस्थाको हकमा कार्यतालिकामा निर्धारित समयमा पदपूर्तिको विज्ञापन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्नेछन् । आयोगको सहमति भैसकेपछि सम्बन्धित संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने कार्यलाई अगाडि बढाउनेछन् ।


यस आ.व.मा प्रदेश निजामती सेवा अन्तर्गत प्रशासन सेवा, प्रशासन समूह पाँचौ र चौथो तहका पदहरुमा तथा वन सेवा, जनरल फरेष्ट्री समूह अन्तर्गत वन रक्षक पदमा प्रदेश सरकारबाट माग भए बमोजिम विज्ञापन गरी परीक्षा सञ्चालन गरी सिफारिस गरिएको थियो। उक्त विज्ञापनहरुको विस्तृत विवरण अनुसूची १ मा दिइएको छ। विज्ञापन भएका पदहरुको सारांश तालिका ४ मा दिइएको छ। साथै विज्ञापन भएका खुला तथा समावेशीतर्फका पदहरुलाई गोलाकार चित्र (पाई चार्ट) मा चित्र नं. १ मा दिइएको छ। प्रचलित कानून बमोजिम प्रतिशत निर्धारण गर्दा बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि छुट्टाइएका पदहरु सुरक्षित रहेका छन् ।

**तालिका नं. ४**

**विज्ञापन भएको पदहरुको सारांश तालिका**

| पद,सेवा, समुह, उपसमुह, तह | खुला | समावेशी | कूल जम्मा |
|---|---|---|---|
| सहायक, प्रशासन, सामान्य प्रशासन, पाँचौ तह | ४ | ३ | ७ |
| सहायक, प्रशासन, सामान्य प्रशासन, चौथो तह | ६ | ५ | ११ |
| वनरक्षक, वन, जनरल फरेष्ट्री, तहविहीन | ५८ | ४८ | १०६ |
| **कुल जम्मा** | ६८ | ५६ | १२४ |

**चित्र नं. १**




### २.४.३ दरखास्त संकलन

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका खुला र आन्तरिक प्रतियोगिताका पदमा विज्ञापन प्रकाशन भएपछि सूचनामा दिएको म्याद भित्र आयोगको विद्युतीय दरखास्त प्रणालीमा तोकेको ढाँचामा उम्मेदवारले सबै विवरण भरी आवश्यक कागजात पेश गरी दरखास्त दिनु पर्नेछ।

सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने प्रयोजनार्थ विद्युतीय दरखास्त आह्वान गर्ने गरी Online Application System तयार गरिएको छ। यस आ.व.मा भएका उल्लिखित विज्ञापनहरुको दरखास्त शुल्क बुझाएको भौचर उम्मेदवारले पेश गर्नु पर्ने थियो भने यस पछिका विज्ञापनहरुमा e-payment को व्यवस्था गरिनेछ।


खुला तथा आ.प्र.को दरखास्त फाराम अनलाइनमार्फत बुझाउन मिल्ने व्यवस्था भएको अवस्थामा पनि बढुवा तर्फका दरखास्त फारम भने कार्यालयमा नै बुझाउनु पर्ने हुन्छ। प्रदेश प्रहरी सेवा र संगठित संस्थाको सेवाका पदहरुको हकमा सम्बन्धित संस्थाले नै दरखास्त संकलन गर्ने व्यवस्था गरिनेछ।

यस आ.व.मा आयोगले प्रकाशित गरेको प्रशासन सेवा तथा वन सेवाका सहायक तथा तहविहीन पदहरुको लागि विज्ञापन अनुसार उक्त विज्ञापनहरुमा परेको दरखास्त विवरण देहायका तालिका तथा चित्रहरुबाट स्पष्ट पारिएको छ।

**तालिका नं. ५**

**लिङ्गको आधारमा वन सेवा तर्फको दरखास्त विवरण**


| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ९८३१ | १६.२३ |
| पुरुष | ५०७३९ | ८३.७७ |
| अन्य | १ | ०.०० |
| कूल जम्मा | ६०५७१ | १००.०० |




**तालिका नं. ६**


**लिङ्गको आधारमा प्रशासन सेवा तर्फको दरखास्त विवरण**

| लिङ्ग | सहायक चौथो प्रशासन | सहायक पाँचौ प्रशासन | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| महिला | १८७७ | १४६९ | ३३४६ | ४४.२१ |
| पुरुष | २३९५ | १८२८ | ४२२३ | ५५.७९ |
| कूल जम्मा | ४२७२ | ३२९७ | ७५६९ | १००.०० |





**तालिका नं. ७**

| वन सेवाको कूल दरखास्त अनुसार भौगोलिक क्षेत्रको संख्या | | |
|---|---|---|
| **भौगोलिक क्षेत्र** | **वन रक्षक** | **प्रतिशत** |
| हिमाली क्षेत्र | २३७२६ | ३९.१७ |
| पहाडी क्षेत्र | ९३०४ | १५.३६ |
| तराई क्षेत्र | २७५४१ | ४५.४७ |
| कूल जम्मा | ६०५७१ | १००.०० |




## तालिका नं. ८

| प्रशासन सेवा तर्फको कूल दरखास्त अनुसार भौगोलिक क्षेत्रको संख्या | | | | |
|---|---|---|---|---|
| भौगोलिक क्षेत्र | सहायक चौंथो प्रशासन | सहायक पाँचौ प्रशासन | जम्मा | प्रतिशत |
| हिमाली क्षेत्र | १९०१ | १४८७ | ३३८८ | ४४.७६ |
| पहाडी क्षेत्र | ४९५ | ३९६ | ८९१ | ११.७७ |
| तराई क्षेत्र | १८७६ | १४१४ | ३२९० | ४३.४७ |
| कूल जम्मा | ४२७२ | ३२९७ | ७५६९ | १००.०० |





## तालिका नं. ९

| वन सेवाको विज्ञापनमा प्रदेश अनुसार परेको दरखास्त संख्या | | |
|---|---|---|
| प्रदेश | संख्या | प्रतिशत |
| प्रदेश १ | ३२४१ | ५.३५ |
| मधेश प्रदेश | १०२७६ | १६.९७ |
| बागमती प्रदेश | १०८२ | १.७९ |
| गण्डकी प्रदेश | २६७५ | ४.४२ |
| लुम्बिनी प्रदेश | २५२७२ | ४१.७२ |
| कर्णाली प्रदेश | १३५५३ | २२.३८ |
| सुदूरपश्चिम प्रदेश | ४४७२ | ७.३८ |
| कूल जम्मा | ६०५७१ | १००.०० |





**तालिका नं. १०**

| प्रशासन सेवाको विज्ञापनमा प्रदेश अनुसार परेको दरखास्त संख्या | | | | |
|---|---|---|---|---|
| **प्रदेश** | **सहायक चौथो प्रशासन** | **सहायक पाँचौ प्रशासन** | **जम्मा** | **प्रतिशत** |
| प्रदेश १ | ४९ | ४१ | ९० | १.१९ |
| मधेश प्रदेश | ३८० | २५४ | ६३४ | ८.४० |
| बागमती प्रदेश | ६९ | ५१ | १२० | १.५९ |
| गण्डकी प्रदेश | २३६ | १८६ | ४२२ | ५.५९ |
| लुम्बिनी प्रदेश | २८४९ | २२९१ | ५१४० | ६८.१० |
| कर्णाली प्रदेश | ५२३ | ३४५ | ८६८ | ११.५० |
| सुदूरपश्चिम प्रदेश | १५४ | १२० | २७४ | ३.६३ |
| कूल जम्मा | ४२६० | ३२८८ | ७५४८ | १००.०० |




**तालिका नं. ११**

| प्रशासन सेवाको विज्ञापनमा समावेशी समूहको आधारमा दरखास्त संख्या | | | |
|---|---|---|---|
| **समावेशी समूह** | **सहायक चौंथो प्रशासन** | **सहायक पाँचौ प्रशासन** | **जम्मा** |
| खुल्ला | ४२२१ | ३२५७ | ७४७८ |
| महिला | १७३५ | १३०९ | ३०४४ |
| आदिवासी जनजाति | ७५३ | ५९६ | १३४९ |
| मधेशी | ५८४ | ४४२ | १०२६ |
| दलित | २६९ | ० | २६९ |



तालिका नं. १२

| वन सेवाको विज्ञापनमा समावेशी समूहको आधारमा दरखास्त संख्या | |
|---|---|
| **समावेशी समूह** | **वन रक्षक** |
| खुल्ला | ६०११८ |
| महिला | ९०८८ |
| आदिवासी जनजाति | १२४४६ |
| मधेशी | ११३९६ |
| दलित | ४६४५ |
| अपाङ्ग | ७६१ |
| पिछडिएको क्षेत्र | ७११९ |




### २.४.४ लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापित पदहरुको परीक्षा सञ्चालनको लागि दक्ष/विज्ञ/विशेषज्ञ सेवा लिई प्रश्नपत्र तयारीको कार्य सम्पन्न गरिन्छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा तथा संगठित संस्थाको सेवाको विज्ञापन भएको पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

### २.४.५ उत्तरपुस्तिका संकेतीकरण र परीक्षण

उम्मेदवारले लिखित परीक्षा दिइसकेपछि परीक्षा केन्द्रबाट उत्तरपुस्तिका आयोगको कार्यालयमा संकलन गरिन्छ। त्यसपछि तोकिएका शाखाले गोप्यतापूर्वक उत्तरपुस्तिकाहरु छ्यासमिस गरी दुई अलग-अलग चरणमा प्रथम र दोश्रो संकेत नम्बर राखी संकेतीकरण गरिन्छ। उम्मेदवारको वैयक्तिक विवरण उत्तरपुस्तिकाबाट अलग गरी

सिलवन्दी रुपमा अलग अलग स्थानमा राखिन्छ। दोश्रो संकेत नम्बर गरिएका सिलवन्दी उत्तरपुस्तिकाहरुलाई दक्ष/विज्ञ/विशेषज्ञहरुबाट आयोगको कार्यालयमा गोप्य रुपमा परीक्षण गराइन्छ।


### २.४.६ लिखित परीक्षा नतिजा, प्रयोगात्मक परीक्षा, सीप परीक्षण, अन्तर्वार्ता र सिफारिस

दक्ष/विज्ञ–विशेषज्ञहरुबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क दोश्रो संकेत नम्बरको आधारमा तालिकीकरण गरेर राखिन्छ। आयोगको कार्यसञ्चालन निर्देशिकामा उल्लिखित व्यवस्थाका आधारमा डिकोडिङ्ग गरिन्छ र माग पद संख्या अनुसार माग पद भन्दा निश्चित थप संख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारको मात्र नाम लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा नामको वर्णानुक्रमका आधारमा प्रकाशन गरिन्छ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुको पाठ्यक्रम योजना बमोजिम प्रयोगात्मक परीक्षा, मामिला अध्ययन एवम् प्रस्तुतीकरण परीक्षा गरिसके पछि सबैको लागि अन्तर्वार्ता सञ्चालन गरिन्छ। यसरी लिखित परीक्षाको प्राप्ताङ्क, अन्तर्वार्ता र अन्य परीक्षामा प्राप्त अंक सहित कुल योगका आधारमा अधिकतम अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई माग पद संख्याको आधारमा योग्यता प्रणालीमा आधारित भई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।

प्रदेश प्रहरी सेवा र संगठित संस्थाको हकमा लिखित परीक्षा नतिजा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम प्रकाशन गर्न सम्बन्धित निकायमा पठाइनेछ। अन्तर्वार्ता तथा अन्य परीक्षामा आयोगको प्रतिनिधित्व हुने गरी सम्बन्धित निकायले आफै सिफारिस गर्नेछन्।


**तालिका नं. १३**

| वन रक्षक पदको लिखित परीक्षामा उतीर्ण भएको समावेशी विवरणः– | | | | | | |
|---|---|---|---|---|---|---|
| **खुला** | **महिला** | **आ.ज** | **मधेशी** | **दलित** | **अपाङ्ग** | **पि.क्षे.** |
| ७४ | २४ | ३२ | १७ | १४ | ५ | ३१ |




## तालिका नं. १४

| प्रशासन सेवाको पदहरुको लिखित परीक्षामा उतीर्ण भएको समावेशी विवरण | | | | | |
|---|---|---|---|---|---|
| | खुला | महिला | आ.ज | मधेशी | दलित |
| सहायक चौंथो | ९ | ४ | ३ | ४ | १ |
| सहायक पाँचौ | ७ | ४ | २ | ० | ० |
| जम्मा | १६ | ८ | ५ | ४ | १ |





## तालिका नं. १५

| वन रक्षक पदको सिफारिस भएको समावेशी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| खुला | महिला | आ.ज | मधेशी | दलित | अपाङ | पि.क्षे. |
| ५८ | १६ | १३ | ११ | ४ | २ | २ |



**तालिका नं. १६**

| प्रशासन सेवाका पदमा सिफारिस भएको समावेशी विवरण | | | | | |
|---|---|---|---|---|---|
| | खुला | महिला | आ.ज | मधेशी | दलित |
| सहायक चौंथो | ६ | २ | १ | १ | १ |
| सहायक पाँचौ | ४ | १ | १ | ० | ० |
| जम्मा | १० | ३ | २ | १ | १ |




## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८ मा अध्यक्ष र सदस्यहरुको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था भए बमोजिम पदाधिकारीहरुको कार्य विभाजन देहाय बमोजिम गरिएको छ।

**अध्यक्ष प्रा.श्री डिलाराम भट्टराई**

१) आयोगको प्रशासन र व्यवस्थापन

२) प्रश्नपत्र मोडरेशन

३) उत्तरपुस्तिका परीक्षण र नतिजा तयारी

४) सामूहिक छलफल

५) अन्तरवार्ता, अन्तिम नतिजा प्रकाशन र सिफारिश

६) अनुगमन, मूल्याङ्कन तथा निरीक्षण

**सदस्य श्री बाबुराम गौतम**

१) पाठ्यक्रम निर्माण, मूल्याङ्कन र परीक्षण प्रविधि

२) कच्चा प्रश्नपत्र निर्माण

३) लिखित परीक्षा सञ्चालन

४) लिखित परीक्षा नतिजा प्रकाशन

५) प्रयोगात्मक परीक्षा/सीप परीक्षण

६) वार्षिक प्रतिवेदन तयारी

**सदस्य श्री डिम्पल गुरुङ**

१) नीति नियम तर्जुमा

२) योजना तथा समन्वय

३) दरखास्त व्यवस्थापन

४) रिक्त पदको माग संकलन

५) पदपूर्तिको लागि प्रतिशत निर्धारण

६) सूचना प्रविधि, प्रकाशन/प्रशारण

७) उजुरी तथा विभागीय सजाय सम्बन्धी परामर्श

प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

# परिच्छेद ३

## प्रशासन तथा वित्त व्यवस्थापन

### ३.१ वैठक तथा निर्णय

आ.व. २०७८।०७९ मा जम्मा २३ पटक बैठक बसी ३६ वटा निर्णय भएका छन्। आयोगको निर्णय सम्वन्धी विस्तृत विवरण तालिका १७ मा संक्षेपमा दिइएको छ।

**तालिका नं. १७**

**आयोगका वैठक तथा निर्णयहरु**

| क्र.सं. | बैठक नं. | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १ | ३७ | २०७८/४/१० | पदपूर्ति सम्बन्धमा | प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूह ,उपसमूह सहायकस्तर पाँचौ,सहायक स्तर चौथो र नेपाल वन सेवा जनरल फरेष्ट्री समूह तह विहीन वनरक्षक पदमा पदपूर्ति कार्यतालिका स्वीकृत गरी प्रकाशन गर्ने। |
| | | | द्वितीय वार्षिक स्थापना दिवस सम्बन्धमा | ❖ २०७८/४/२७ गते कार्यालय परिरसर सरसफाई गर्ने।<br>❖ २०७८/४/२८ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रमुख सचिवको प्रमुख आतिथ्यमा आयोगको प्राङ्गणमा शुभकामना कार्यक्रम संचालन गर्ने<br>❖ २०७८/४/२८ साँझ कार्यालयमा दीपावली गर्ने। |
| | | | दोस्रो वार्षिक प्रतिवेदन पेश सम्बन्धमा | आयोगको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नको लागि समय उपलब्ध गराइदिन प्रदेश प्रमुखको कार्यालयलाई अनुरोध गर्ने। |
| | | | बुलेटिन प्रकाशन सम्बन्धमा | यस आयोगबाट सम्पादन भएका तथा आगामी दिनमा सम्पादन गरिने कार्यहरु सहितका विषय समावेश गरी अर्धबार्षिक बुलेटिन प्रकाशन गर्ने |

| क्र.सं. | बैठक नं. | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| २ | ३८ | २०७८/४/१८ | पाठ्यक्रमको राय प्रतिक्रिया माग गर्ने सम्बन्धमा | पाठ्यक्रम निर्माण समितिबाट निर्माण भई आयोगमा सिफारिस भएका नेपाल वन सेवा जनरल फरेष्ट्री समूह वनरक्षक पदको पाठ्यक्रम उद्योग वन तथा वातावरण मन्त्रालयमा रायको लागि पठाउने र सर्वसाधारण सरोकारवालाको रायको लागि आयोगको वेभसाइटमा सूचना सहित उक्त पाठ्यक्रम प्रकाशित गर्ने |
| | | | कर्मचारी माग गर्ने सम्बन्धमा | आयोगले विभिन्न सेवा समूहका पदहरुको विज्ञापन प्रकाशन गरी पदपूतीको प्रकृया अगाडि बढाउने चरणका रहेकोले कर्मचारीहरु अविलम्ब व्यवस्था गरिदिनु भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गर्ने । |
| ३ | ३९ | २०७८/४/२६ | पदपूर्ति सम्बन्धी कार्यतालिका स्वीकृत गर्ने | प्रदेश निजामती सेवाको पदमा पदपूर्ति गर्ने सम्बन्धी कार्यतालिका बमोजिमका सेवा ,समूह,उपसमूहको प्रशासन सहायकस्तर पाँचौ,प्रशासन सहायकस्तर चौंथो र नेपाल वन सेवा जनरल फरेष्ट्री समूह तह विहीन वनरक्षक पदको कार्यतालिका स्वीकृत गरी प्रकाशन गर्ने । |
| | | | दरखास्त शुल्क बारे | विज्ञापन कार्यतालिका बमोजिम गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने र सोही दिन देखि आयोगको विद्युतीय दरखास्त प्रणालीबाट दरखास्त लिने व्यवस्था गर्ने । |
| ४ | ४० | २०७८/५/७ | पाठ्यक्रम स्वीकृत सम्बन्धमा | नेपाल प्रशासन सेवा,प्रशासन समूह सहायक पाँचौ र चौंथो तहको पाठ्यक्रम स्वीकृत गरी सर्वसाधरण सरोकारवाला सवैको जानकारीको लागि वेभसाइटमा राख्ने । |
| | | | विज्ञापन प्रकाशन गर्ने | नेपाल प्रशासन सेवा, प्रशासन समूह सहायक पाँचौ र चौंथो तहको पदपूर्तिको लागि स्वीकृत भएको कार्यतालिका अनुसार विज्ञापन प्रकाशन गर्ने । |
| ५ | ४१ | २०७८/५/२१ | दरखास्त स्वीकृत सम्बन्धमा | विज्ञापन अनुसार रीतपूर्वक पेश नभएका वा कागतजात नपुग भई दरखास्त पेश गरेका उम्मेदवारहरुको दरखास्त अस्वीकृत गर्ने । |
| | | | शैक्षिक योग्यताको राय माग सम्बन्धमा | शैक्षिक योग्यता निर्धारण सम्बन्धमा राय माग भै आएको मा सो सम्बन्धमा सम्बन्धित मन्त्रालय/तह निकायबाट हुने भएकोले आयोगको कार्यक्षेत्र भित्र नपर्ने व्यहोरा जानकारी गराउने । |
| | | | डाटा सर्भर सम्बन्धमा | आयोगले प्रयोगमा ल्याएको इलष्लिभ ब्उउष्अिबतष्यल क्यातधबचभ को प्रयोग गर्दा समस्या भएमा सूचना तथा संचार प्रविधि प्रतिष्ठान लुम्बिनी प्रदेशलाई सो समस्या जानकारी गराई समस्याको निराकरण गराउने । |
| ६ | ४२ | २०७८। | बजेट माग सम्बन्धमा | विज्ञापित पदहरुको परीक्षा सञ्चालन लगायतका कार्यहरुकोलागि बजेट माग गर्ने । |
| | | | कार्यतालिका सम्बन्धमा | बनरक्षक पदको प्रथम चरणको परीक्षाको कार्यतालिका स्वीकृत तथा प्रकाशन गर्ने । |

| क्र.सं. | बैठक नं. | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| ७ | ४३ | २०७८/६/०३ | खर्च व्यवस्थापन मापदण्ड सम्वन्धमा | बनरक्षक पदको जनशक्ति, कार्यचरण तथा खर्च व्यवस्थापन मापदण्ड २०७८ स्वीकृत गर्ने। |
| | | | सुझाव कार्यदल गठन गर्ने | वनरक्षक पदको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षणको परीक्षाको लागि स्थान छनौट गर्नको लागि एक सुझाव कार्यदन गठन गर्ने। |
| | | | नामावली स्वीकृत गर्ने | प्राप्त भएका निवेदन तथा नामावली अनुसारका विज्ञहरुलाई सुचीकृत गर्ने। |
| ८ | ४४ | २०७८/७/१० | कार्य तालिका प्रकाशन गर्ने | परीक्षा संचालनका लागि जनशक्ति, परीक्षा केन्द्र छनौट गरी पौष महिनाको दोस्रो हप्ता भित्र सार्वजनिक विदाका दिनमा संचालन गर्ने गरी परीक्षा कार्यतालिका आयोगको वेभसाइटमा प्रकाशन गर्ने। |
| ९ | ४५ | २०७८/७/१५ | कार्यालयको सुरक्षा व्यवस्था सम्बन्धमा | परीक्षा तयारी, संचालन लगायत अन्तरवार्ता तथा सिफारिस सम्बन्धी कार्य निरन्तर रुपमा भै इरहने हुनाले आवश्यक सुरक्षा व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने। |
| १० | ४६ | २०७८/७/२९ | परीक्षा रद्ध गर्ने सम्बन्धमा | नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तह विहीन, वनरक्षक पदको शारीरिक परीक्षण र तन्दुरुस्ती परीक्षण परीक्षामा सहभागी परीक्षार्थीले परीक्षाको मर्यादा विपरीत कार्य गरेको हुँदा निजको नतिजा रद्ध गरी बाँकी चरणमा सहभागी हुन नपाउने गरी कारवाही गर्ने |
| ११ | ४७ | २०७८/८/२८ | कार्य विभाजन सम्बन्धमा | यस अघि कार्यविभाजन भएको अतिरिक्त निकट भविष्यमा आयोगले संचालन गर्ने पदपूर्ति मध्यनजर गरी आयोगका पदाधिकारीहरुको कार्य विभाजन गर्ने |
| १२ | ४८ | २०७८/९/२५ | वस्तुगत उत्तरपुस्तिका परीक्षण सम्बन्धमा | विभिन्न तहका वस्तुगत लिखित परीक्षाको उत्तरपुस्तिका चेक- रिचेक गर्न आयोगका कर्मचारी नपुग भएमा अन्य कार्यालयका अधिकृतस्तरका कर्मचारीबाट चेक-रिचेक गरी नतिजा प्रकाशन गर्ने। |
| १२ | ४९ | २०७८/९/२७ | कारवाही सम्बन्धमा | आयोगको बदनाम गराउने कुत्सित मनसाय राखी कानून विपरीत कार्य गर्ने उम्मेदवारलाई २ वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउने। |
| १३ | ५० | २०७८/१०/५ | उत्तरपुस्तिका परीक्षण सम्बन्धमा | आयोगको पूर्व निर्धारित कार्यतालिका अनुसार विभिन्न मितिमा संचालन भएको विभिन्न तहका वस्तुगत लिखित परीक्षाको उत्तरपुस्तिका अधिकृतस्तरका कर्मचारीबाट चेक-रिचेक गरी नतिजा प्रकाशन गर्ने। |
| १४ | ५१ | २०७८/११/५ | पत्राचार सम्बन्धमा | विभिन्न स्थानीय तहहरुले ग्रेड बृद्धि,तह बृद्धि र स्तर बृद्धिको कानून निर्माण गर्दा के, कुन, कस्तो आधार र मापदण्ड अनुसार गरिएको हो भन्ने विषयमा स्थानीय तहलाई पत्राचार गर्ने |
| | | | परामर्श सम्बन्धमा | तिलोत्तमा नगरपालिकाको साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी विधेयकको मस्यौदा सहित आयोगको परामर्श माग भै आएकोमा सैद्धान्तिक सहमति दिने |

| क्र.सं. | बैठक नं. | बैठक मिति | कार्य सूची | निर्णयको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १५ | ५२ | २०७८/११/२८ | नतिजा सम्बन्धमा | वस्तुगत तथा विषयगत लिखित परीक्षामा बुँदा/शर्त विपरीत हुने गरी लेखिएको पाइएमा त्यस्तो उत्तर गल्ती मान्ने र आयोगबाट संचालित अन्य परीक्षाहरुमा समेत यसै निर्णय अनुसार गर्ने |
| १६ | ५३ | २०७८/१२/२२ | राय/परामर्श सम्बन्धमा | साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी विधेयकको मस्यौदा सहित आयोगको परामर्श माग भै आएकोमा सैद्धान्तिक सहमति दिने |
| १७ | ५४ | २०७८/१२/३० | दरखास्त रद्द गर्ने | प्रतिस्पर्धी उम्मेदवारलाई अन्तरवार्तामा उपस्थित हुन नपाउने गराई अपाङ्गता परिचयपत्र नष्ट गरिदिने उम्मेदवारको यस पदको दरखास्त रद्द गर्ने र २ वर्ष सम्म लुम्बिनी प्रदेशबाट लिइने कुनै पनि परीक्षामा सामेल हुन नपाउने गरी कारवाही गर्ने र सो विषय सवै आयोगहरुलाई जानकारी गराउने। |
| १८ | ५५ | २०७९/२/५ | कम्प्यूटर सीप परीक्षण सम्बन्धमा | प्रदेश लोक सेवा आयोग २०७६ को दफा २५ अनुसार आयोगको कार्य विवरण बमोजिम समिति गठन गर्ने |
| १९ | ५६ | २०७९/२/१६ | आ.व.२०७९/८० को नीति तथा कार्यक्रममा समावेश गर्ने विषयको सम्बन्धमा | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरुको पदपूर्ति गर्ने, कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आयोगका कर्मचारीको क्षमता विकास कार्यक्रम गर्ने, विद्यालय एवं विश्वविद्यालयमा शिक्षा आर्जन गरिरहेका विद्यार्थीहरुलाई सरकारी सेवा प्रति आर्कषित गर्न प्रवर्द्धनात्मक अन्तरक्रिया कार्यक्रम संचालन गर्ने। |
| २० | ५७ | २०७९/३/३ | राय/परामर्श सम्बन्धमा | साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी विधेयकको मस्यौदा सहित आयोगको परामर्श माग भै आएकोमा सैद्धान्तिक सहमति दिने |
| २१ | ५८ | २०७९।३।९ | राय/परामर्श सम्बन्धमा | साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी विधेयकको मस्यौदा सहित आयोगको परामर्श माग भै आएकोमा सैद्धान्तिक सहमति दिने |
| २२ | ५९ | २०७९/३/१९ | नियमावली २०७६ सम्शोधन सम्बन्धमा | प्रदेश लोक सेवा आयोग नियमावली २०७६ मा प्रयोग भएको "प्रदेश नं.५" शब्दहरुको सट्टा "लुम्बिनी प्रदेश" भन्ने शब्दहरु राख्ने। |
| २३ | ६० | २०७९/३/२७ | राय / परामर्श सम्बन्धमा | साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी विधेयकको मस्यौदा सहित आयोगको परामर्श माग भै आएकोमा सैद्धान्तिक सहमति दिने |

### ३.२ आयोगको कर्मचारी दरवन्दी र विद्यमान अवस्था

प्रदेश सरकारको मिति २०७७।५।११ को पत्र अनुसार प्रशासन सेवा, प्रशासन समूहको ११औं तहको सचिव सहित जम्मा ३० (तीस) जना कर्मचारी रहने गरी अस्थायी दरवन्दी स्वीकृत भएको थियो। सोही अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट रा.प. प्रथम श्रेणीका सह-सचिवलाई आयोगको सचिवको रुपमा कामकाज गर्ने गरी खटाइएको छ। सचिव सहित आयोगको विद्यमान कर्मचारी संख्या १९ छ। कार्यरत कर्मचारीको विवरण अनुसूची २ मा दिइएको छ।

### ३.३ बजेट, निकासा, खर्च र राजश्व

आर्थिक वर्ष २०७८।०७९ मा आयोगको कार्यालयका लागि विभिन्न शीर्षकहरुमा स्वीकृत भएको बजेटको वित्तीय प्रगति देहायको तालिकाहरुमा दिइए बमोजिम रहेको छ।

**तालिका नं. १८**

**बजेट वक्तव्यको वार्षिक प्रगति विवरण**

| बजेट शीर्षक | वार्षिक विनियोजित बजेट | वार्षिक खर्च (रु. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ४६२५३ | ४१७७९.५४ | ९०.३२% |
| पूँजीगत | ४७९५ | ४६६४.६६ | ९७.२८% |
| संचित कोष | ३७७९ | २९५५.४० | ७८.२०% |
| जम्मा | ५४८२७ | ४९३९९.६० | ९०.१०% |

**तालिका नं. १९**

**आर्थिक वर्ष २०७८।७९ को वार्षिक प्रदेश राजस्व संकलनको विवरण अनुमान (रु. हजारमा)**

| क्र.सं. | शीर्षक | लक्ष्य | प्राप्त रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | परीक्षा दस्तुर | २४८८७ | २४८८७ | १०० | - |

### ३.४ भौतिक अवस्था

प्रदेश लोक सेवा आयोग स्थापना हुँदा एउटा पुरानो सानो भवनबाट कार्यालय सञ्चालन भएको र केही जनशक्ति थप भए पश्चात् अर्को एक छ कोठे भवन आयोगलाई प्राप्त भई पदाधिकारी तथा कर्मचारीहरुका कार्यकक्षहरु बनाई कार्य सञ्चालन भएको छ। साथै भूमिगत सिंचाई डिभिजन कार्यालयले यस अघि ग्यारेजका रुपमा प्रयोग गरेको स्थानलाई दुई कोठा बनाएको र कार्यालय प्रवेश गर्ने मूल ढोका माथिको पालीलाई सभाकक्ष बनाई काम चलाएको अवस्था छ। अहिलेको अपर्याप्त भौतिक संरचनाबाट आयोगका काम कारवाही सम्पन्न गर्न कठीन छ। अतः आयोगले प्रश्नपत्र

निर्माणदेखि परीक्षा सञ्चालन तथा सिफारिससम्मका काम गर्दा प्रदेश सरकारबाट थप जनशक्ति सहित भवन उपलब्ध भएमा मात्र सहज रुपमा कार्य अगाडि बढाउन सकिने अवस्था छ।

**आर्थिक वर्ष २०७८/७९ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु**

- आयोगको कार्य सम्पादन गर्न आवश्यक कानूनी आधार तयार गरेको।
- विभिन्न कार्यक्रम गरी आयोगको दोस्रो वार्षिक स्थापना दिवस-२०७८ मनाइएको।
- आयोगले आफ्नो काम, कर्तव्य र अधिकार तथा कार्य प्रकृया एवं भावी कार्यदिशा र कर्मचारी व्यवस्थापन सम्बन्धी अन्तक्रियात्मक कार्यक्रम संचालन गरेको।
- आयोगको दोस्रो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष पेश गरेको।
- आयोगले आफ्नो कार्यसम्पादनको लागि विज्ञहरुको रोष्टर तयार र अद्यावधिक गरिरहेको।
- आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा कर्मचारी पदपूर्तिका लागि विभिन्न सेवा समूहका गरी ४४ वटा पाठ्यक्रम निर्माण गरिसकेको।
- प्रदेश निजामती सेवा तर्फ वन रक्षक पदको विज्ञापन प्रकाशित गरिएकोमा ६०८६० जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा २२८८० जना सहभागी भएकामा पहिलो चरणको परीक्षमा ११५४३ जना परीक्षामा सफल भएका। दोस्रो चरणको परीक्षामा ९४०८ जना सहभागी भएका मध्ये १०६ जनाको छनौट गरी सिफारिस गरिएको।
- सहायक पाँचौ तहको विज्ञापन प्रकाशित गरिएकोमा ३३०८ जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा १८३४ जना सहभगी भएकोमा ६ जना छनौट गरी सिफारिस गरिएको।
- सहायक चौंथो तहको विज्ञापन गरिएकोमा ४२८७ जनाको दरखास्त स्वीकृत भएकोमा पहिलो चरणको परीक्षामा २२५३ जना सहभागी भएकोमा ११ जना छनौट गरी सिफारिस गरिएको।
- आयोगले संचालन गर्ने परीक्षाको विज्ञापन Online बाटै दरखास्त दिने प्रयोजन तथा आयोगका अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यले विद्युतीय दरखास्त संकलन प्रणाली-वेवसाइट निर्माण गरिएको।
- प्रविधि मैत्री परीक्षा प्रणाली अपनाउनको लागि OMR मेसिन खरिद गरिएको।
- प्रयोगात्मक सीप परीक्षणको लागि कम्प्युटर ल्याव स्थापना गरेको।
- Digital Display Board निर्माण भएको, सभा हलमा प्रविधि मैत्री LCD TV जडान गरिएको।
- वार्षिक बजेट र कार्यक्रम अनुसार नै आयोगमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने अभिमुखीकरण कार्यक्रम संचालन गरेको।
- प्रदेश मन्त्रालयहरु, आयोग तथा कार्यालयहरुसँग जनशक्तिको अवस्थाबारे छलफल गरिएको।

## परच्छिेद - ४

## पाठ्यक्रम निर्माण, गोष्ठी सञ्चालन तथा परामर्श

आ.व. २०७८/०७९ को अवधिमा प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदान गरेको अधिकार एवम् कार्यक्षेत्र अन्तर्गत रही देहाय बमोजिमका कार्यहरु सम्पादन गरेको छ।

### ४.१ पाठ्यक्रम निर्माण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारी भर्नाका लागि सर्वप्रथम नभै नहुने विषय परीक्षाको पाठ्यक्रम नै हो। तसर्थ आयोगले ऐन तथा नियमावलीको प्रावधानमा रहेर पाठ्यक्रम निर्माणको कामलाई अगाडि बढाइरहेको छ। प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ६ बमोजिम पाठ्यक्रम निर्माण समितिले लोक सेवा आयोगको प्रचलित पाठ्यक्रमको आधार लिई सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयका प्रतिनिधिहरु र विषयबस्तुसँग सम्बन्धित विज्ञहरुको राय सुझाव लिई प्रदेशसँग सान्दर्भिक समसामयिक विषयवस्तु समावेश गरी हालसम्म स्वास्थ्य सेवा, इन्जिनियरिङ्ग सेवा, प्रशासन सेवा, विविध सेवा, कृषि सेवा लगायत विभिन्न समूह, उपसमूहका पाठ्यक्रम निर्माण गरिसकेको र ती पाठ्यक्रमहरु आयोगबाट स्वीकृत भइसकेका छन्।

### ४.२ अन्तर प्रदेश समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले अन्य लोक सेवा आयोगहरुसँग सिकाइ आदान प्रदान एवं अनुभव साटासाट गरेको छ। आयोगबाट पदाधिकारी तथा कर्मचारीहरुले प्रदेश नं. १, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेशको लोक सेवा आयोगको भ्रमण गरी आपसमा सवै प्रदेशहरुले तत्कालीन समयसम्म गरेका काम कारवाहीको सम्बन्धमा विस्तृत छलफल तथा अन्तरक्रिया गरी आगामी दिनमा गर्नु पर्ने कामका र कार्ययोजनाका बारेमा विमर्श गरेको थियो। यसै गरी कर्णाली प्रदेशबाट प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरु र गण्डकी प्रदेशका कर्मचारीहरुको समूह यस आयोगमा आई यहाँबाट भएका काम कारवाहीको जानकारी लिनु भएको छ। यस प्रकारका भ्रमण एवं अन्तरक्रियाबाट आयोगले आफ्नो क्षमता अभिबृद्धि गर्नुका साथै काम कारवाहीलाई प्रभावकारी बनाउदै लैजान अझ मद्दत पुगेको छ। साथै आयोगले गरेका कामहरुबारेमा अन्य प्रदेश लोक सेवा आयोगलाई जानकारी गराउने अवसर प्राप्त हुँदा ती आयोगहरुलाई तत् तत् विषयमा अगाडि बढ्न सहज हुने विश्वास गरिएको छ।

### ४.३ लोक सेवा आयोगसँग समन्वय र सहयोग

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम आयोगले समान उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थासँग समन्वय वा आपसी सम्बन्ध र सहयोग लिन सक्ने प्रावधान रहेको छ । आयोगले लोक सेवा आयोग काठमाण्डौसँग निरन्तर रुपमा सम्पर्क र समन्वयमा रही स्थापित परीक्षा प्रणाली अपनाउँदै कार्यहरु अगाडि बढाइरहको छ।

### ४.३.१ लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलन

लोक सेवा आयोगको आयोजनामा २०७८ फागुन २३ र २४ गते रुपन्देहीमा भएको दोश्रो राष्ट्रिय सम्मेलनमा आयोगका पदाधिकारीहरु र सचिवले भाग लिई अनुभव आदान प्रदान तथा छलफल गरिएको थियो। सो सम्मेलनको घोषणापत्र अनुसूची ३ तथा निर्णय अनुसूची ४ मा राखिएको छ।

### ४.४ अन्तर प्रदेश दोश्रो कार्यशाला गोष्ठी

अन्तर प्रदेश लोक सेवा आयोगहरुको दोश्रो कार्यशाला गोष्ठी प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ ले २०७८ पुष १८ र १९ गते विराटनगरमा आयोजना गरेको थियो। त्यस कार्यशाला गोष्ठीमा पदाधिकारी र कर्मचारीले भाग लिई अनुभव आदान प्रदानको साथै प्रदेश लोक सेवा आयोगहरुले गरेका कामकारवाही समेत प्रस्तुत गरिएको थियो। उक्त कार्यशाला गोष्ठीको घोषणापत्र अनुसूची ५ मा राखिएको छ।

### ४.५ दक्ष/विज्ञ/विशेषज्ञको रोष्टर निर्माण

आयोगको पहिलो बैठकबाट आयोगलाई आवश्यक हुने विज्ञको विवरण संकलनका लागि निवेदन फारम स्वीकृत गर्नुका साथै प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह, उपसमूहका तहका पदको पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, सीप परीक्षण, समूह छलफल तथा अन्तर्वार्ता प्रयोजनका लागि दक्ष/विज्ञ/विशेषज्ञको योग्यता तोकी विभिन्न सम्वद्ध क्षेत्रका दक्ष/विज्ञ/विशेषज्ञहरुको विवरण संकलन गरी रोष्टर सूची तयारी गर्ने कार्य भई रहेकोमा आ.व. २०७८।०७९ मा पनि आयोगले यसलाई निरन्तरता दिदै आइरहेको छ। आयोगको वैठकले विभिन्न विशेषज्ञहरुको सूची स्वीकृत गरेको छ भने लोक सेवा आयोगले विशेषज्ञका रुपमा लिएका विशेषज्ञ/विज्ञहरुलाई आयोगले पनि विशेषज्ञ/विज्ञ मान्ने निर्णय गरेको छ।

### ४.६ कानूनी परामर्श तथा क्षमता विकास गोष्ठी

२०७९ आषाढ २६ गते आयोगको कामलाई अगाडि बढाउन सहज होस् भनी आयोगका कर्मचारीहरु तथा प्रदेशका मन्त्रालयका सचिवहरुसमेतको सहभागिता रहने गरी गोष्ठी सञ्चालन गरिएको थियो र उक्त गोष्ठीमा नेपालको प्रशासन र कानूनी क्षेत्रका उच्चस्तरका राष्ट्रिय विज्ञहरुद्वारा सहजीकरण गर्ने प्रबन्ध गरिएको हुँदा विशिष्ठ उपलब्धि हासिल भएको थियो।

### ४.७ परामर्श

आ.व.२०७८/०७९ मा विभिन्न स्थानीय निकाय हरुको ग्रेड बृद्धि,तह बृद्धि र स्तर बृद्धि सम्बन्धमा साविक स्थानीय निकायबाट समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन सुविधा सम्बन्धी विधेयकको मस्यौदा नगरसभा/गाउँ सभाबाट स्वीकृत गर्ने प्रयोजनको लागि उक्त नगरकार्यपालिका/गाउँकार्यपालिकाको निर्णयानुसार विधेयकको मस्यौदा सहित आयोगको राय/परामर्श माग भै आएकोमा आयोगबाट विभिन्न मितिमा बैठक बसी १२ वटा स्थानीय तहहरुलाई राय/परामर्श दिइएको छ।

## ४.८ अनुगमन तथा निरीक्षण

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४१ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ४८ बमोजिम प्रदेश सरकारका मन्त्रालयहरु, सचिवालय, निर्देशनालय र कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा संविधान तथा प्रचलित कानून र आयोगले दिएको परामर्श पालना गरेको वा नगरेको, प्रदेश प्रहरी र अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा आयोगले दिएको परामर्श पालना भए-नभएको, आयोगबाट सिफारिस गरिएका कर्मचारीलाई सम्बन्धित कार्यालयले सेवा, समूह र तहका पदहरुमा खटाएको नखटाएको सम्बन्धमा, प्रदेश प्रहरी सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको लागि ऐन नियम निर्माण गर्दा आयोगले दिएको परामर्श पालना भए-नभएको सम्बन्धमा र स्थानीय सरकारी सेवा सम्बन्धी ऐन र कानूनमा रहेका कर्मचारी प्रशासन सम्बन्धी प्रावधानहरुको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था छ।

# परिच्छेद ५

## सुझावहरु

### ५.१ सुझावहरु

नेपालको संविधान, प्रचलित कानून तथा प्रदेश र जिल्लाहरुमा गरिएका अन्तरक्रियात्मक गोष्ठीहरुबाट प्राप्त भएका सुझावहरुका आधारमा देहाय बमोजिम मुख्य-मुख्य सुझावहरु प्रस्तुत गरिएका छन् ।

क) नेपालको संविधानको धारा २२७ मा "गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्वन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ" भन्ने व्यवस्था भएकाले प्रदेश सरकाले स्थानीय तहमा व्यवस्थापन गर्नु पर्ने कर्मचारी सम्वन्धी कानून बनाइदिनु पर्ने आवश्यकता छ ।

ख) नेपालको संविधानको धारा २८५(३) मा "प्रदेश मन्त्रिपरिषद्, गाउँकार्यपालिका र नगरकार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानून बमोजिम विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्न सक्नेछन्" भन्ने व्यवस्था भएकाले कानूनहरु आइसकेपछि प्रदेश र स्थानीय तहहरु गाउँपालिका र नगरपालिकालाई उक्त कानून बमोजिम नै विभिन्न सरकारी सेवाहरुको गठन र सञ्चालन गर्ने मार्ग प्रशस्त हुने हुँदा उक्त कानूनहरु निर्माण यथाशीघ्र हुनु पर्ने आवश्यकता छ ।

ग) स्थानीय तहका कर्मचारीहरुको एकमुष्ट अभिलेख आवश्यक हुनाले प्रदेशस्तर वा तत् तत् स्थानीय स्तरमा पद दर्ता देखि लिएर आवश्यक विवरण राख्ने व्यवस्था गर्नु पर्ने हुँदा प्रदेश स्तरमा निजामती कर्मचारी किताबखानाको स्थापना गर्ने र स्थानीय तहहरुका संगठन तालिका बनाई उक्त तालिका बमोजिम शाखा तोकी काम लगाउनु पर्ने देखिन्छ ।

घ) स्थानीय तहहरुमा सेवारत कर्मचारीहरुलाई सेवाकालीन तालिम दिनुका साथै प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएपछि पदको कार्यविवरण र सम्पादन गर्नु पर्ने कार्यसँग मिल्दोजुल्दो पाठ्यक्रम निर्माण गरी सेवा प्रवेश तालिम दिएर काममा लगाउँदा परिणाम प्राप्त गर्न सहज हुने देखिन्छ ।

ङ) पदपूर्ति प्रकृयामा पाठ्यक्रम निर्माण, गोप्यतापूर्वक परीक्षा सञ्चालन, नतिजा तयारी, नतिजा प्रकाशन, सिफारिस तथा परामर्श आदि काम गर्न प्रदेश लोक सेवा आयोगका पदाधिकारी तथा कर्मचारीहरु बढी सक्षम होउन् भन्ने उद्देश्यले अभिमुखीकरण एवं तालिम कार्यक्रमहरु समय-समयमा सञ्चालन गर्न मनासिव देखिन्छ ।

च) प्रदेश निजामती सेवा ऐन बनेमा प्रदेश तहका कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा अन्य वृत्ति विकास लगायतका विषयमा स्पष्ट कानूनी प्रावधानहरु भई प्रदेश सरकार र प्रदेश लोक सेवा आयोगलाई काम गर्न मार्ग प्रशस्त हुने हुँदा उक्त ऐन आएमा जनशक्ति व्यवस्थापनमा सहज हुने देखिन्छ ।

छ) प्रदेश लोक सेवा आयोगले आफ्नो काम कर्तव्य सम्पादन गर्न भौतिक पूर्वाधार र उचित जनशक्ति आवश्यक हुने हुँदा पदपूर्तिका लागि आवश्यक कार्य सञ्चालन गर्न चाहिने भवन, थप जनशक्ति र अन्य श्रोत साधनको व्यवस्था गर्न आवश्यक देखिएको छ।

ज) समय समयमा लोक सेवा आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरु, विज्ञ कर्मचारीहरु तथा विशेषज्ञहरुलाई आमन्त्रण गरी विषयवस्तुसँग सम्बद्ध प्रवचन र कार्यक्रम प्रस्तुति गर्न अनुरोध गरी प्रदेशस्तरमा सरोकारवालाहरुको उपस्थितिमा जानकारी गर्ने गराउने कार्य गर्न उपयुक्त देखिन्छ।

झ) लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलनबाट निर्णय भएबमोजिम नै नेपाल सरकारबाट २०७६ बैशाख १६ गते निर्धारण भएको प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको मर्यादाक्रम सम्वन्धी व्यवस्था पुनरावलोकन गर्न मनासिव हुने हुँदा प्रदेश सरकारमार्फत नेपाल सरकारमा अनुरोध गर्ने।

ञ) प्रदेशमा निजामती कर्मचारीहरु समायोजन भई आएका र वृत्ति विकासमा बढुवाको ठूलो महत्व हुने तथा बढुवाका लागि कार्यसम्पादन मूल्यांकनको आधार महत्वपूर्ण हुने भएकाले प्रदेश लोक सेवा आयोगले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी अधिकृतस्तरका सवै कर्मचारीहरुको एक प्रति कार्यसम्पादन मूल्यांकन फाराम सिलवन्दी रुपमा सम्वन्धित शाखामा राख्ने व्यवस्था गर्न मनासिव देखिन्छ। साथै आ.व. २०७८।०७९ देखिका उक्त फारामहरु एकप्रति आयोगमा सवै मन्त्रालयहरुलाई पठाउन निर्देशन हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

ट) आयोगमा जनशक्ति र भौतिक पूर्वाधारको कमी रहेको विषयमा समय समयमा सम्बन्धित अधिकारी समक्ष जानकारी भएको नै छ। प्रदेश सरकारबाट आयोगमा संघीय निजामती सेवाका कर्मचारी पठाउँदा आयोगका गोप्य काममा संलग्न भएको र केही काम गरिरहेको समयमा पनि आयोगलाई जानकारी नै नदिई सरुवा भएको र हुने संभावना भएकाले प्रदेश भित्र कर्मचारीको स्थायित्व र सरुवा नियन्त्रण हुने गरी प्रदेश निजामती सेवाकै कर्मचारी आयोगमा सरुवा गरी पठाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्न मनासिव देखिन्छ।

ठ) लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ति उपत्यकामा सार्नु अघि आयोगको भवन निर्माण गर्न जरुरी भएको र आयोगको कार्यप्रकृति अनुसार शाखा महाशाखाहरुको कार्यप्रवाह, गोप्य कार्यकक्षहरु र सभाकक्ष तथा अन्तर्वार्ता संचालन मैत्री संरचना डिजाइन गरी सोही बमोजिमको कार्यालय भवन निर्माण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई राय सुझाव दिन मनासिव देखिन्छ।

ड) प्रदेश समन्वय परिषद्को चौथौ वैठकबाट प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको माग आकृति फाराम पठाउने सम्वन्धी निर्णय परिमार्जन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

## अनुसूची १

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

## सूचना नं. ०१/२०७८-०७९

प्रदेश सरकार (मन्त्रिपरिषद्) को च.नं. २१४३, मिति २०७८।०३।३१ को पत्रबाट माग भए बमोजिम प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको प्रचलित कानून बमोजिम खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवार हरुबाट दरखास्त आह्वान गरिन्छ । न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली https://ppsconline.lumbini.gov.np मार्फत दरखास्त दिन सकिनेछ । विज्ञापित पदहरुको शारीरिक तन्दुरुस्ती परीक्षाको कार्यतालिका सम्पूर्ण दरखास्त स्वीकृत भएपश्चात् आयोगको वेवसाइट मार्फत प्रकाशित गरिनेछ।

| नेपाल वन सेवा, तहविहीन | | | | |
|---|---|---|---|---|
| सि.नं. | विज्ञापन नं. | सेवा, समूह, पद | विज्ञापन किसिम | पद संख्या |
| १. | FRT-५४००१/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | खुला | ५८ |
| २. | FRT-५४००२/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | महिला | १६ |
| ३. | FRT-५४००३/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | आदिवासी/जनजाति | १३ |
| ४. | FRT-५४००४/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | मधेशी | ११ |
| ५. | FRT-५४००५/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | दलित | ४ |
| ६. | FRT-५४००६/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | अपाङ्ग | २ |
| ७. | FRT-५४००७/२०७८-७९ | नेपाल वन, जनरल फरेष्ट्री, वन रक्षक | पिछडिएको क्षेत्र | २ |
| कूल जम्मा पद | | | | १०६ |

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौ तथा चौथो तहका (अप्राविधिक) पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको च.नं. २१४३, मिति २०७८।०३।३१ को पत्रबाट माग भए बमोजिम प्रदेश निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौ तथा चौथो तहका (अप्रावधिक) पदहरु मध्ये प्रचलित कानून बमोजिम बढुवा तथा आ.प्र. तर्फको पदहरु सुरक्षित राखी वाँकी पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा तपसिल बमोजिमका सूचना नं. अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत दरखास्त दिन सकिनेछ।

## सूचना नं. ०२/२०७८-०७९

| नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तह | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विज्ञापन नं.** | **सेवा, समूह** | **विज्ञापन किसिम** | **पद संख्या** |
| १. | ADM-५०००१/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | खुला | ४ |
| २. | ADM-५०००२/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | महिला | १ |
| ३. | ADM-५०००३/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | आदिवासी/जनजाति | १ |
| ४. | ADM-५०००४/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | मधेशी | १ |
| **कूल जम्मा पद** | | | | ७ |

## सूचना नं. ०३/२०७८-०७९

| नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, चौथो तह | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विज्ञापन नं.** | **सेवा, समूह** | **विज्ञापन किसिम** | **पद संख्या** |
| १. | ADM-५०००५/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | खुला | ६ |
| २. | ADM-५०००६/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | महिला | २ |
| ३. | ADM-५०००७/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | आदिवासी/जनजाति | १ |
| ४. | ADM-५०००८/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | मधेशी | १ |
| ५. | ADM-५०००९/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | दलित | १ |
| **कूल जम्मा पद** | | | | ११ |

## अनुसूची २

## आयोगको कर्मचारी दरवन्दी र विद्यमान अवस्था

### मौजुदा कर्मचारीहरुको नामावली

| क्र.स. | नाम, थर | पद | श्रेणी/तह |
|---|---|---|---|
| १ | वेद प्रसाद खरेल | सचिव | रा.प. प्रथम |
| २ | कमल ज्ञवाली | उपसचिव | रा.प. द्वितीय |
| ३ | गोविन्द प्रसाद पाण्डे | अधिकृत | आठौं |
| ४ | विष्णुप्रसाद उपाध्याय | अधिकृत | छैठौं |
| ५ | शिवहरी ज्ञवाली | अधिकृत | छैठौं |
| ६ | वेद प्रसाद सुवेदी | कम्प्युटर अधिकृत | छैठौं |
| ७ | सीता मरासिनी | अधिकृत लेखा | छैठौं |
| ८ | निम प्रसाद भण्डारी | सहायक | पाँचौ |
| ९ | विनय भट्टराई | नायव सुब्बा | रा.प.अनं प्रथम |
| १० | टिकाराम तिमिल्सिना | नायव सुब्बा | रा.प.अनं प्रथम |
| ११ | पार्वती ज्ञवाली | सहायक | पाँचौ |
| १२ | लक्ष्मण गैरे | ह.स.चा | तहविहीन |
| १३ | हरिनारायण चौधरी | ह.स.चा | तहविहीन |
| १४ | सुदिप थारु | ह.स.चा | तहविहीन |
| १५ | शान्ता गौतम | सहयोगी | तहविहीन |
| १६ | नारायण भण्डारी | सहयोगी | तहविहीन |
| १७ | नवराज भट्टराई | सहयोगी | तहविहीन |
| १८ | गंगालाल खरेल | सहयोगी | तहविहीन |
| १९ | महनीलाल वस्याल | सुरक्षा गार्ड | |

## अनुसूची ३

## लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलनको घोषणा पत्र

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगको प्रतिबद्धता

# लोक सेवा आयोगहरुको दोस्रो राष्ट्रिय सम्मेलन

२०७८ फागुन २३ र २४ गते, रुपन्देही, लुम्बिनी प्रदेश

## घोषणा-पत्र

**हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू,**

लोक सेवा आयोगको इतिहासप्रति गौरव बोध गर्दै,

सार्वजनिक पदको भर्ना र छनौटमा नेपालको संविधान, कानूनी व्यवस्था र आयोगको मूल्य मान्यतालाई अक्षुण्ण राख्दै,

आयोगको काम कारबाहीमा निष्पक्षता, स्वच्छता र विश्वसनीयतालाई थप सुदृढ पार्दै,

योग्यता प्रणालीलाई संरक्षण गर्दै, योग्य, सक्षम र इमान्दार जनशक्तिलाई सार्वजनिक सेवामा आकर्षित गर्दै,

विश्वव्यापी मूल्य मान्यतालाई आत्मसात गर्दै, नवीनतम प्रविधिलाई प्राथमिकतामा राखी सार्वजनिक प्रशासनमा मुलुक र जनताको अपेक्षा अनुरूपका जनशक्ति भित्र्याउन प्रतिबद्ध हुँदै,

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबीच सङ्घीय लोकतान्त्रिक शासन प्रणाली, संविधान तथा प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको समावेशीकरणको सिद्धान्तको मर्म र भावना अनुरूप जनशक्ति भर्ना र छनौट कार्यमा सहकार्य र समन्वय गर्दै,

योग्यता प्रणाली संरक्षकको धरोहरको रूपमा रहेको लोक सेवा आयोगबाट अवलम्बन गरिएका स्थापित सिद्धान्त तथा मूल्य मान्यतालाई परिपालना गर्दै समानता, विश्वसनीयता र निष्पक्षताको निरन्तरता कायम गर्न प्रतिबद्ध छौं।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यज्ञराज बोहरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | सुरेन्द्रप्रसाद यादव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | लोक सेवा आयोग |
| **सुदूरपश्चिम प्रदेश** | **कर्णाली प्रदेश** | **लुम्बिनी प्रदेश** | **गण्डकी प्रदेश** | **वागमती प्रदेश** | **मधेश प्रदेश** | **प्रदेश नं. १** | |

२०७८ फागुन २४ गते मङ्गलबार।

## अनुसूची ४

## लोक सेवा आयोगहरुको दोश्रो राष्ट्रिय सम्मेलनका निर्णयहरु

योग्यता, निष्पक्षता र स्वच्छताः लोक सेवा आयोगको प्रतिबद्धता

# लोक सेवा आयोगहरुको दोस्रो राष्ट्रिय सम्मेलन

२०७८ फागुन २३ र २४ गते, रुपन्देही, लुम्बिनी प्रदेश

### निर्णयहरु

१. लोक सेवा आयोगको योग्यता, स्वच्छता र निष्पक्षताको मूल मर्म अनुसार गोपनीयता एवं विश्वसनीयता कायम हुने गरी कार्यसम्पादन गर्ने प्रदेश लोक सेवा आयोगको संगठन संरचना र शाखागत कार्यविवरणबिच एकरुपता कायम गर्ने।

२. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारण भएको लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरुको मर्यादाक्रम सम्बन्धी व्यवस्था प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा वहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न नेपाल सरकार समक्ष माग गर्ने।

३. प्रदेश लोक सेवा आयोगको परीक्षा दस्तुर र पारिश्रमिक लोक सेवा आयोगबाट स्वीकृत दररेटसँग तादात्म्य हुने गरी एकरुपता कायम गर्न पहल गर्ने।

४. परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन हरेक आ.व.को वार्षिक कार्यतालिका तयार गर्दा प्रदेश लोक सेवा आयोगहरुले यथासम्भव एकैपटक प्रकाशन गर्ने।

५. सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा कार्यरत स्थायी कर्मचारीलाई उमेरको हद नलाग्ने विषय, कुनै लोक सेवाले कारवाही गरेका उम्मेदवारलाई सबै लोक सेवा आयोगले संचालन गर्ने परीक्षामा आवेदन गर्न नपाउने विषय, अन्तर प्रदेश समान तहको पदमा उम्मेदवार हुन नपाउने विषय, कर्मचारीको वृत्ति विकासका आधार र मापदण्ड आदि विषयमा सम्बन्धित सेवा सम्बन्धी कानून तथा लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोग ऐनमा आवश्यक व्यवस्था मिलाउन पहल गर्ने।

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुबिच आवश्यक सूचना आदान प्रदान गर्न एकीकृत सूचना प्रणाली स्थापना गर्ने।

७. प्रदेश तथा स्थानीय तहहरुले विद्यमान कानूनी व्यवस्था बमोजिम अनिवार्य रुपमा पालना गर्नुपर्ने प्रक्रिया पूरा नगरी गरिएका बढुवा, तहवृद्धि, स्तरवृद्धि लगायतका कार्यहरुलाई सम्बन्धित प्रदेश लोक सेवा आयोगहरुले प्रचलित कानून बमोजिम रद्द गर्ने तर्फ कारवाही अगाडि बढाउने।

८. प्रत्येक वर्ष फागुन २३ र २४ गते लोक सेवा आयोगहरुको राष्ट्रिय सम्मेलनलाई निरन्तरता दिने।

९. लोक सेवा आयोगका माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीको अध्यक्षतामा दोस्रो राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्न गरेको सहयोगको लागि आयोगका पूर्व माननीय अध्यक्षज्यू र सम्मेलनको व्यवस्थापनको कार्यमा खटिने सम्बद्ध राष्ट्रसेवक कर्मचारी मित्रहरु लगायत सबैप्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्ने।

| यज्ञराज बोहरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | सुरेन्द्रप्रसाद यादव | उत्तमकुमार भट्टराई | माधवप्रसाद रेग्मी |
|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | प्रदेश लोक सेवा आयोग | लोक सेवा आयोग |
| सुदूरपश्चिम प्रदेश | कर्णाली प्रदेश | लुम्बिनी प्रदेश | गण्डकी प्रदेश | वागमती प्रदेश | मधेश प्रदेश | प्रदेश नं. १ | |

२०७८ फागुन २४ गते मङ्गलबार।

# अनुसूची ५

## दोश्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीबाट पारित घोषणा पत्र

**दोश्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठीबाट पारित घोषणापत्र**

नेपालको संविधानको भाग २३ धारा २४४ मा भएको व्यवस्था बमोजिम सबै प्रदेशहरूमा प्रदेश लोक सेवा आयोग गठन भई सकेको छ। प्रदेश सभाले निर्माण गरेको प्रदेश लोक सेवा आयोग ऐनले निर्धारण गरे बमोजिम प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय संगठित संस्थाको सेवाका पदहरूमा उपयुक्त उम्मेदवार छनौटको प्रक्रिया अगाडि बढी कतिपय प्रदेशमा सिफारिस समेत भइसकेको छ। प्रदेश तथा स्थानीय सरकारी सेवामा आवश्यक पर्ने कर्मचारी छनौटका लागि प्रदेश लोक सेवा आयोगहरूले अवलम्बन गर्ने छनौट पद्दति तथा कार्यविधि समान हुने भएकोले यस प्रक्रियालाई अझ बढी प्रभावकारी तथा समसामयिक बनाउन एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा आदान प्रदान गर्न एक साझा अवधारणा निर्माण गर्ने अभिप्रायले सबै प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा २०७६ साल फागुण १४ र १५ गते प्रथम अन्तर प्रदेश लोक सेवा आयोगहरूको कार्यशाला गोष्ठी, प्रदेश लोक सेवा आयोग, बागमतीको आयोजनामा हेटौंडामा सम्पन्न भएको थियो। उक्त कार्यशाला गोष्ठीमा विभिन्न महत्वपूर्ण प्रस्तावहरू पारित भएका थिए। प्रत्येक वर्ष गर्ने भनिएको कार्यशाला गोष्ठी वि.स. २०७७ मा COVID-19 को महामारीको कारणले सम्पन्न हुन सकेन।

प्रदेश लोक सेवा आयोगबाट सञ्चालन हुने परीक्षा अझ बढी विश्वसनीय, मर्यादित र स्वच्छ बनाउदै लैजान एवम् परीक्षा सम्बन्धी कार्यप्रणालीमा एकरूपता ल्याउन, अन्तर प्रदेश सहकार्य तथा एक आपसको अनुभव आदान प्रदान गर्ने अभिप्रायले यस वर्ष प्रदेश लोक सेवा आयोग, प्रदेश नं १ को आयोजनामा दोस्रो अन्तर प्रदेश कार्यशाला गोष्ठी विराटनगरमा सम्पन्न गरिएको छ। सो कार्यशाला गोष्ठीमा सातै प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी, विभिन्न क्षेत्रका विज्ञ, लोक सेवा आयोगका प्रतिनिधि समेतको उपस्थिति थियो। विराटनगरमा सम्पन्न यस कार्यशाला गोष्ठीबाट सबै प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको अनुभव र भावनालाई आत्मसात गर्दै सर्वसम्मत रूपमा देहाय बमोजिमको घोषणापत्र पारित गरियो:

१. प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको यथाशीघ्र निर्माणका लागि आ-आफ्ना प्रदेशका प्रदेश सभा र प्रदेश सरकारहरूसँग अनुरोध गर्ने

२. कुनै प्रदेश लोक सेवा आयोगको परीक्षामा उत्तीर्ण उम्मेदवारले सोही तहको समान पदमा अन्य प्रदेशमा दरखास्त दिन नपाउने व्यवस्था गर्ने।

३. प्रदेश र स्थानीय तहको कर्मचारीको अन्तर प्रदेश सरुवाले सम्बन्धित प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको वृत्ति विकासमा गम्भीर एवम् नकारात्मक असर पर्न जाने र ती तहमा जनशक्ति व्यवस्थापनमा अस्थिरता हुने भई कार्यसम्पादनमा समेत नकारात्मक असर

१

पर्ने देखिँदा अन्तर प्रदेश र अन्तर स्थानीय तह कर्मचारी सरुवाको सम्बन्धमा ऐन बनाई मात्र सरुवा गर्ने गराउने व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

४. कुनै आयोगको परीक्षामा परीक्षार्थीले अनियमितता गरेको ठहर गरी उक्त प्रदेशले कारबाही गरेमा त्यस्ता परीक्षार्थीलाई कालो सूचीमा राखी कारबाही गरिएको जानकारी सातवटै प्रदेश लोक सेवा आयोगहरूमा गराउने।

५. बढुवाको समस्या समाधन गर्न सम्बन्धित प्रदेश सरकारसँग परामर्श गरी प्रदेश लोक सेवा आयोग नियमावलीमा संशोधनका लागि प्रक्रिया अघि बढाउने।

६. प्रदेश लोक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस गरिएका कर्मचारीहरूको व्यक्तिगत विवरण प्रणाली (PIS System) को स्पष्ट व्यवस्थाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

७. प्रदेश लोक सेवा आयोगहरूले आफ्नै प्रतिक चिन्ह (लोगो) बनाइ प्रयोगमा ल्याउने।

८. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगलाई आवश्यक कर्मचारीहरू उपलब्ध गराउन सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने । प्रदेश लोक सेवा आयोगको अस्थायी (सालबसाली) दरबन्दी संरचनालाई यथाशीघ्र स्थायी संरचनामा रूपान्तरण गरी आयोगको कर्मचारी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन प्रदेश सरकारसँग अनुरोध गर्ने।

९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७५ चैत्र ११ गतेसम्ममा समायोजन सम्पन्न गरे बमोजिमका समायोजित पदहरू सम्बन्धित प्रदेश सरकार र स्थानीय तहबाट पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगसँग माग गर्नु पर्ने व्यवस्थाको लागि सबै प्रदेश सरकार र स्थानीय तहको ध्यानाकर्षण गर्ने ।

१०. प्रदेश लोक सेवा आयोग ऐनमा भएको व्यवस्था बमोजिम अनुगमन कार्यलाई प्रभावकारी बनाई आयोगको परामर्श नलिई भए गरेका बढुवा, स्तरवृद्धि तथा पदपूर्ति लगायतका कार्यहरू निष्कृय गराउन आयोगहरू क्रियाशिल हुने।

११. सबै आयोगहरूले परीक्षा सञ्चालन सम्बन्धी कार्यका लागि अनलाइन प्रणालीको विकास गर्ने र प्रणाली (RMIS/Connect IPS) सँग आवद्ध हुने।

१२. प्रदेश लोक सेवा आयोगहरूले दक्ष विशेषज्ञको नामावली तयार गरी सो सूचीबाट पनि सहयोग लिन आयोगहरू बीच समन्वय गर्ने।

१३. नेपाल सरकारबाट मिति २०७६ वैशाख १६ गते निर्धारिण भएको प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको विद्यमान मर्यादाक्रम सम्बन्धी व्यवस्था संवैधानिक पदाधिकारीको मर्यादा अनुकुल नभएकोले लोक सेवा आयोगका सदस्यहरूको मर्यादाक्रम पछि क्रमशः राख्ने गरि परिमार्जन हुन नेपाल सरकारसँग अनुरोध गर्ने।

१४. प्रदेश लोक सेवा आयोग प्रदेशको एक संवैधानिक अङ्ग भएकोले आयोगको काम कारबाहीमा आयोगका पदाधिकारीहरूको नाम अगाडि माननीय लेख्ने सम्बोधन गर्ने अभ्यास गर्ने।

२

१५. प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको निर्माण नभएसम्म कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम पदपूर्ति प्रक्रियालाई निरन्तरता दिने।

१६. वैज्ञानिक, व्यवहारिक तथा आधुनिक गुण परीक्षण विधि अवलम्बन गर्न सबै प्रदेश लोक सेवा आयोगहरू प्रतिवद्ध रहने।

१७. अन्तर प्रदेश परीक्षण प्रणालीका सम्बन्धमा सबै प्रदेश लोक सेवा आयोगहरू पूर्ण रूपमा क्रियाशील भईसके पछि आगामी दिनमा हुने गोष्ठीमा छलफल गरी सो विषयमा निर्क्योल गर्ने।

१८. दोस्रो अन्तर प्रदेश लोक सेवा आयोग कार्यशाला गोष्ठी प्रदेश लोक सेवा आयोग, प्रदेश नं. २ को प्रस्ताव अनुसार प्रदेश नं. २ को जनकपुरमा २०७९ को फाल्गुन पहिलो हप्तामा तेस्रो अन्तर प्रदेश लोक सेवा आयोगको सम्मेलन आयोजना गर्ने।

| | | | |
|---|---|---|---|
| मा. उत्तम कुमार भट्टराई<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>प्रदेश नं. १, विराटनगर | मा. प्रा. सुरेन्द्र प्रसाद यादव<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>प्रदेश नं. २, जनकपुर | मा. सुरेशमान श्रेष्ठ<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>वागमती प्रदेश, हेटौंडा | मा. विष्णुप्रसाद नेपाल<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>गण्डकी प्रदेश, पोखरा |

| | | |
|---|---|---|
| मा. प्रा. डिलाराम भट्टराई<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>लुम्बिनि प्रदेश, बुटवल | मा. राम प्रसाद उपाध्याय<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>कर्णाली प्रदेश, सुर्खेत | मा. यज्ञराज बोहरा<br>अध्यक्ष,<br>प्रदेश लोक सेवा आयोग,<br>सुदुरपश्चिम प्रदेश, धनगढी |

मिति: २०७८ पुष १९ गते

३

# अनुसूची ६

# आ.व. २०७८।७९ मा गरिएका गतिविधिका तस्वीरहरु

## द्वितीय बार्षिक स्थापना दिवस कार्यक्रम




प्रमुख सचिवज्यू कार्यक्रमको उद्घाटन गर्नुहुदै




प्रमुख सचिवज्यू कार्यक्रममा शुभकामना दिनुहुदै

# दोश्रो बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रम



मानीय अध्यक्षले माननीय प्रदेश प्रमुखज्यूलाई प्रतिवेदन प्रस्तुत गर्दै



दोश्रो बार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुति पश्चात् सामूहिक तस्विर



आयोगका पदाधिकारी तथा कर्मचारीहरुको सामूहिक तस्विर



प्रदेश प्रमुखज्यूबाट नियुक्तिपत्र ग्रहण गर्दै सदस्यज्यू

# वन रक्षक पदको शारीरिक परीक्षण तन्दुरुस्ती परीक्षाका झलकहरु



प्रवेशका लागि लामबद्ध परीक्षार्थीहरु



शारीरिक तन्दुरुस्ती परीक्षाको नाप जाँच गर्दै



छोटो दौडका लागि लामबद्ध महिला परीक्षार्थीहरु



लामो दौडका लागि तयारी अवस्थामा परीक्षार्थीहरु साथमा कर्मचारीहरु समेत



पौडी परीक्षका लागि लामबद्ध परीक्षार्थीहरु




लोक सेवा आयोग काठमाण्डौ र आयोगका पदाधिकारी एवं कर्मचारीहरु

# दोश्रो राष्ट्रिय सम्मेलनका झलकहरु




आयोगका अध्यक्षज्यू सहित सदस्यज्यूहरु




लोक सेवा आयोगका अध्यक्ष, सदस्यहरु सहित प्रदेश लोक सेवा आयोगका अध्यक्ष, सदस्य र कर्मचारीहरु




लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगका महिला सदस्यज्यूहरु




मधेश प्रदेशका पदाधिकारी एवं लुम्बिनी प्रदेशका अध्यक्ष तथा कर्मचारीहरु

# २०७९।३।२६ मा संचालित अन्तरक्रिया गोष्ठी




**कार्यक्रमका प्रमुख अतिथिज्यूलाई मायाको चिनो प्रदान गरिदै ।**




**कार्यक्रम पश्चातको सामूहिक तस्विर**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश